लेखापरीक्षण प्रतिवेदन

फलेवास नगरपालिका, पर्बत

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

फलेवास नगरपालिका, पर्बत

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/621

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,
फलेवास नगरपालिका, नगरकार्यापालिकाको कार्यालय,
खानीगाउँ पर्वत।

कैफियत सहितको राय

हामीले नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत प्रतिवेदन (म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. १६ करोड ३३ लाख ९९ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ४१ लाख २० हजार, स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रमको रु. ३० लाख ५४ हजार र पर्यटन पूर्वाधार विकास कार्यक्रमको रु. १० लाख र वास (WASH) कार्ययोजना कार्यक्रमको रु. ८८ हजार समेत रु. १७ करोड १६ लाख ६१ हजार समावेश गरेको छैन।

२. नगरपालिकाको रु. १ अर्ब ७२ करोड ३१ लाख १२ हजारको लेखापरीक्षण गरिएकोमा रू. ५ करोड ६० लाख ९० हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा रु. १ करोड १० लाख ५२ हजारको प्रतिक्रिया उपर कारबाही भई बाँकी बेरुजु रु. ४ करोड ५० लाख ३८ हजार मध्ये असुल गर्नुपर्ने रू. ८ लाख ५३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ५३ लाख ९२ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ७१ लाख ९३ हजार र पेस्की बाँकी रु. १ करोड १६ लाख रहेको छ । गत वर्षसम्म रु. १४ करोड २८ लाख ३१ हजार बेरुजु बाँकी रहेकोमा सम्परीक्षणबाट कायम रु. ९ हजार समेत हालसम्मको अद्यावधिक बेरुजु रु. १६ करोड ६२ लाख ४१ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय

विवरण तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य बेहोरा

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागू भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगरकार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(राजेन्द्र राज ओझा)

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
५२	७२	५,६०,९०,०४५	१	१०	१,१०,५१,७१९	०	५१	६२	४,५०,३८,३२६	८,५२,५४६	१,७१,९३,३९०	१,५३,९२,३९०	०	०	३,२५,८५,७८०	१,१६,००,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
पर्वत	१४,२८,३१,०००	०	२,१६,३७,८८१	१२,११,९३,११९	९३८४	४,५०,३८,३२६	१६,६२,४०,८२९

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं.	आर्थिक वर्ष	बेरुजुको दफा नं.	बेरुजुको छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८०/८१	४९	सट्टा शिक्षकः	२०,०००
२	२०८०/८१	३३ र ७१	बढी भुक्तानीः	२२,७९४
३	२०८०/८१	७०.१	फलेवास लिफ्ट सिंचाई आयोजनाः	१५,७४,९९४
४	२०८०/८१	६७.१, ६७.३ र ६७.४	प्रशासनिक भवन निर्माणः	८४,३५,४३१
५	२०८०/८१	५८	इन्टरनेट जडानः	६,८४,०००
६	२०८०/८१	३०	पेश्की फछ्र्यौटः	३,१४,५००
७	२०७९/८०	३०	पेश्की बाँकीः	२०,१०,०५०
८	२०७९/८०	२३	जिन्सी दाखिलाः	६,५०,०००

९	२०७९/८०	४७	लागत अनुमान टुक्रयाई निर्माण कार्यः	१५,६४,०७७
१०	२०७९/८०	४९	बढी भुक्तानीः	९९,२६८
११	२०७९/८०	४४	नगरपालिकाको स्वामित्वमा रहने संरचना उपभोक्ता समिति मार्फत गरिएकोः	२१,६०,००४
१२	२०७९/८०	२८	कार्य सम्पादन मूल्यांकन समिति बैठक भत्ताः	१,७००
१३	२०७८/७९	५८	सरुवा भ्रमण खर्चः	१२,३००
१४	२०७८/७९	२५	राष्ट्रपति शैक्षिक सुधारः	९०,००,०००
१५	२०७८/७९	४८	बढी भूक्तानीः	४,२७,९९०
१६	२०७८/७९	९.३	प्रदेश समपुरक अनुदानः	१,६०,०००
१७	२०७८/७९	१४	पिपिसी सिमेन्टको प्रयोगः	२३,६००
१८	२०७८/७९	५४	पारिश्रमिक करः	१०,६६८
१९	२०७८/७९	३५	दोहोरो सुविधाः	९,६००
२०	२०७८/७९	५०	कार्यसम्पादन मूल्याङ्कन भत्ताः	२०,४००
२१	२०७८/७९	५१	अनुगमन भत्ताः	५५,०००
२२	२०७८/७९	८७	पेश्की बाँकीः	४५,५७,११५
२३	२०७८/७९	८२	असूल हुन बाँकी आयः	८,७०,१००
२४	२०७७/७८	३७	ब्याज रकमः	६,००९
	जम्मा			३,२६,८९,६००

(८०४४२४०२३०० - फलेवास नगरपालिका, पर्बत)

परिचय

१ **परिचयः**

क) कार्यालय परिचय:- संघ र प्रदेश सरकारबाट प्राप्त अनुदान तथा राजश्व बाँडफाँट एवं पालिकाको आन्तरिक श्रोत साधनको अधिकतम उपयोग गरी संविधानको अनुसुचीमा उल्लेखित कार्यहरु सम्पादन मार्फत नागरिकलाई अधिकतम लाभ प्रदान गर्नु पालिकाको उदेश्य रहेको छ ।

ख) लेखापरीक्षणको उद्देश्य:- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

ग) लेखापरीक्षणको क्षेत्र र अवधि:- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०५।१० देखि २०८१ । ०५।१४ सम्म रहेको छ ।

घ) लेखापरीक्षण विधि:- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

ङ) लेखापरीक्षणको सीमा:- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

च) आर्थिक कारोबारको स्थिति:- पालिकाको आय – व्ययतर्फ रु. १७२३११२०००.०० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु:- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

ज) लेखापरीक्षणको क्रममा असुली:- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १९५३१८ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं.	विवरण	रकम रु.
१	निकासा फिर्ता	६९५३६
२	ढुंगा गिट्टीको आयकर	३८०८६.५
३	सट्टा शिक्षकको तलब	१५०००
४	दोहोरो श्रमिक ज्याला	२०२१५
५	दिवा खाजा र डिजिटल लर्निङ	२४०००
६	प्रशिक्षक भत्ता	६०५०
७	औषधी खरिद	८४०५
८	अनुगमन भत्ता	१४०२५
	जम्मा	१९५३१८

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरणको यथार्थताः**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले सम्पूर्ण आर्थिक कारोवारको लेखा राख्दा सुत्र प्रणालीबाट गर्नुपर्दछ। सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण, स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१६ करोड ३३ लाख ९९ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.४१ लाख २० हजार, स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम को रु. ३० लाख ५४ हजार, पर्यटन पूर्वाधार विकास कार्यक्रमको रु. १० लाख र वास कार्यक्रमको ८८ हजार समेत गरी जम्मा रु. १७ करोड १६ लाख ६१ हजार खर्च भएको छ।पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

३ **वित्तीय प्रतिवेदनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ।

(विस्तृत विवरण बेरूजु दफा ३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

४ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८०।५।१३ मा रु. ६८ करोड २५ लाख ११ हजारको बजेट सभासमक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।५।१३ मा पारित भएको छ। यसैगरी स्थानीयतहका प्रमुखले मिति २०८०।५।१८ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

५ **अबण्डा बजेटः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले रु १ करोड १० लाख रकम अबण्डा राखेको छ । चालुतर्फ विभिन्न वडामा ४ लाख का दरले वडास्तरिय चालु

प्रकृतिका कार्यक्रम शीर्षकमा रु ४४ लाख र पुजीगततर्फ प्रत्येक वडामा ६ लाखका दरले वडा स्तरिय योजना शीर्षकमा रु ६६ लाख बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णय साथै वडा समितिको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

६ **योजना तथा बजेट कार्यान्वयनः**

यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन्:

६.१ अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन। साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरेको भएपनि प्रभावकारी रुपमा लागू गरेको छैन।

६.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०८० को दफा २ अनुसार यस वर्ष थपघट समेत सभाको निर्णयबाट ४८ योजना तथा कार्यक्रममा रु. २ करोड २४ लाख ९८ हजार ७८५ विभिन्न मितिमा रकमान्तर गरेको छ। उक्त रकम बजेटको तुलनामा ३.२७ प्रतिशत हुन्छ। सुरु बजेटको योजना संसोधन तथा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन।

उल्लेखित अवस्थाका कारण गाउँपालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिँदैन। तसर्थ गाउँपालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

७ **बजेट तथा कार्यक्रम तर्जुमा :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

८ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ११८ दरबन्दी स्वीकृत रहेकोमा गतवर्ष सम्म पदपूर्ति देखिएपनि हालको लेखापरीक्षण अवधि सम्म विभिन्न पदका ८३ पदमा पदपूर्ति भई ३५ पद रिक्त देखिन्छ। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।स्वास्थ्य, प्रशासन, योजना लगायतका शाखामा अधिकृत सातौंको दरबन्दी रहेकोमा लोक सेवा आयोगमा माग नगरी छैठौं अधिकृतबाट कामकाज गराएको देखियो ।पालिकाले आवश्यक दरबन्दी परिपूर्ति गर्न रिक्त दरबन्दी सुची तयार गरी लोक सेवामा माग गर्नुपर्ने देखिन्छ ।

९ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दीगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको छ । पूर्वाधार विकास तथा आर्थिक विकासमा स्रोत बढाउनुपर्ने देखिन्छ ।

क्र.सं.	क्षेत्र/उपक्षेत्र	विनियोजन	खर्च	खर्च (%)
१	आर्थिक विकास	३६१४२५३४.००	१४५१७०७२.१९	४०.१७
२	सामाजिकविकास	४१३६२९२८५.००	३५४०१३४८२.७६	८५.५९
३	पूर्वाधारविकास	२१२८००२८६.००	१८७६९७७२४.५९	८८.२०
४	सुशासनतथा अन्तरसम्बन्धित क्षेत्र	१३३५२८००.००	५१९०८१५.५०	३८.८७
५	कार्यालयसञ्चालन तथा प्रशासनिक	११०४१२९०५.००	९४१६६९२५.६७	८४.६४
	कुल जम्मा	**७८६३३७८१०.००**	**६५५५८६०२०.७१**	**८३.३७**

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

१० **बजेट सीमा निर्धारण समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

११ **आर्थिक सहायताः**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न व्यक्तिहरुलाई लागि रु. १४ लाख ५७ हजार आर्थिक सहायता वितरण गरेको छ। वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन। निश्चित विधि र मापदण्ड बेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

१२ **करार कर्मचारी व्यवस्थापनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ। तर पालिकाले विभिन्न पदमा ८७ जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रु. १ करोड ४८ लाख ८५ हजार खर्च लेखेको छ ।

१३ **कानुन निर्माण तथा कार्यान्वयनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १३ वटा ऐन, ८ वटा नियमावली तथा १८ वटा कार्यविधि र ६ वटा निर्देशिका समेत ४५ कानुन स्वीकृत भए पनि सोको प्रभावकारी कार्यान्वयन भएको देखिँदैन ।स्थानीय राजपत्रमा प्रकाशन गर्ने व्यवस्था मिलाई निर्माण भएका कानुन कार्यान्वयनको सुनिश्चितता गर्नुपर्दछ।

१४ **न्यायीक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दफा ४६ देखि ५३ सम्म स्थानीय न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। न्यायिक समितिमा गतवर्षको बाँकी ५ र यस वर्षको ११ गरी १६ वटा उजुरीहरु मध्ये ७ फछ्र्यौट भई ९ वटा बाँकी रहेको देखिन्छ । न्याय सम्पादन प्रकृयालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ ।

१५ **गत विगतको भुक्तानी** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु. १८ लाख ०५ हजार भुक्तानी दिएको छ । ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

१६ **विविध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान र आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. १५ लाख खर्च लेखेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

१७ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन्:

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्न सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकाकामा कार्यरत कर्मचारीहरुको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन बापत खर्च लेखेकोमा भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन गरेको देखिने अभिलेख समेत राखेको छैन।

• पालिकाले कन्टीन्जेन्सी खर्चको अभिलेख राखेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन।

• सम्झौता बेगर विभिन्न क्यालेण्डर छपाई र सूचना प्रकाशन, संघ, संगठनको नाउँबाट सन्दर्भ प्रकाशन, जनचेतनामूलक सन्देश, शुभकामना लगायतका प्रकाशन सामग्री पूर्वस्वीकृति वेगर छपाउने र भुक्तानीको मागका आधारमा भुक्तानी गरेको देखियो।

• पालिकाले विभिन्न वडाबाट सेवाग्राहीहरुलाई सभाले तोके बमोजिमको शुल्क तथा दस्तुर लिई सेवा प्रदान गर्नुपर्दछ । पालिकाले वडाबाट प्राप्त सिफारिस दस्तुर बैंक दाखिला गर्ने गरेतापनि वडाबाट भएको चलानी बमोजिमको सिफारिस र राजस्व असुली बीच भिडान भएको पाइएन । सिफारिस बमोजिम शुल्क असुली यकिन गरी वडाको चलानी र सुत्रप्रणालीबाट असुली रसिद बीच भिडान हुनुपर्दछ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

१८ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य

श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

१९ **सम्पत्ति हस्तान्तरण :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।

२० **वार्षिक लक्ष्य तथा प्रगति :**

स्वीकृत वार्षिक कार्यक्रममा त्रैमासिक रुपमा तोकिएको लक्षित कार्यक्रम समयमै सम्पन्न गर्नुपर्दछ। पालिकाले यस बर्ष पुँजीगत तर्फ रु. २४ करोड ९८ लाख ७० हजार बजेट व्यवस्था भएकोमा रु. २० करोड १२ लाख २१ हजार (बजेटको तुलनामा ८०.५३ प्रतिशत) खर्च गरेको छ ।

२१ **त्रैमासिक खर्चः**

कार्यालयको लागि स्विकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार प्रत्येक चौमासिकमा खर्च गर्ने बजेटको अनुमान गरिएको र सोही बमोजिम खर्च गर्नुपर्नेमा कार्यालयले कुल खर्चको तुलनामा प्रथम त्रैमासिकमा ७.५३, दोस्रो त्रैमासिकमा ४.१९ . प्रतिशत, तेस्रो त्रैमासिकमा ५.९६. तथा चौथो त्रैमासिकमा ६८.१४ प्रतिशत खर्च गरेको देखिन्छ । कुल खर्चको तुलनामा आषाढ महिनामा मात्र ३३.६६ प्रतिशत खर्च गरेको छ। शीर्षकगत त्रैमासिक खर्च निम्नानुसार रहेको छ।

क्र.सं.	बजेट उपशिर्षक	कुल खर्च (रु. हजारमा)	त्रैमासिक खर्च (रु. हजारमा)				
			प्रथम	दोस्रो	तेश्रो	चौथो	आषाढ महिनाको
१	पूँजिगत खर्चतर्फ	२०१२२२	१८८२५	१०४९४	१४९०६	१७०२७७	८४११४
	प्रतिशत	८०.५३	७.५३	४.१९	५.९६	६८.१४	३३.६६

वार्षिक कार्यक्रम अनुसार त्रैमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये चौथो त्रैमासिकमा ६८.१४ प्रतिशत तथा आषाढ महिनामा ३३.६६ प्रतिशत खर्च भएको देखियो। यसरी आर्थिक वर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने, अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले वार्षिक कार्यक्रमको त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्ने देखियो ।

२२ **जिन्सी व्यवस्थापन सम्बन्धमाः**

जिन्सी व्यवस्थापन सम्बन्धमा देहायका व्यहोराहरु रहेका छन् ।

२२.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । जिन्सी निरीक्षण

गराएको र जिन्सी निरीक्षण प्रतिवेदन तयार गरिएको भएतापनि प्रतिवेदनको कार्यान्वयन भएको देखिएन । जिन्सी निरीक्षण प्रतिवेदनको सुझावको आधारमा नियमावलीको व्यवस्था बमोजिम मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन प्रभावकारी बनाउनुपर्दछ ।

२२.२ PAMS आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४, ९५, ९६ र ९९ मा जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। साथै महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा PAMS प्रणालीमा प्रविष्ट गरी सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । प्रतिवेदनमा उल्लेखित फोटोकपी मेशिन लगायतका सामग्रीहरु मर्मत हुनुपर्ने साथै साबिकका गा.वि.स.बाट हस्तान्तरण भई आएका जिन्सी सामानहरु समेत PAMS मा प्रविष्ट हुनुपर्ने देखिन्छ।

२३ **सार्वजनिक परीक्षण:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। आयोजनाको सार्वजनिक परीक्षण तथा भौतिक र वित्तीय प्रतिबेदन सम्बन्धी ढाँचामा आबश्यक सबै बिबरण पूरा नभरी समितिका पदाधिकारी र लाभग्राही समेतले दस्तखत गरेतापनि पूरा विवरण नभरेको अवस्थाले आयोजनामा सार्वजनिक परीक्षण अवलम्वन गरेको भन्न मिलेन। केही ठूला आयोजनाहरूमा छनौटबाट सामाजिक परीक्षणको व्यवस्था समेत अवलम्वन गर्नुपर्नेमा बाह्य निकायबाट सो प्रक्रिया पनि यो वर्ष कार्यान्वयन भएको देखिएन। पालिकाबाट संचालित सबै पुँजीगत एवं चालु आयोजनामा निर्देशिकाले तोके बमोजिम सबै विवरण भरी तोकेको ढाँचा अनुरुप सार्वजनिक परीक्षण गराउन विशेष ध्यान दिनुपर्दछ ।

२४ **कर्मचारी प्रोत्साहन भत्ताः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ । सो अनुसार स्थानीय तहले सवै कर्मचारीलाई १ महिनाको तलबमा ५० प्रतिशतका दरले प्रोत्साहन भत्ता रु १४३५८०४ भुक्तानी गरेको छ । पालिकाको आन्तरिक आय रु ८८२९७७६ रहेको तुलनामा १६ प्रतिशत खर्च भएको देखिन्छ ।

२५ **सेवा प्रवाहः**

यस वर्ष पालिकाबाट निम्नानुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ :

विवरण	जम्मा
घरजग्गा नक्शा पास	०
जन्म दर्ता	८३३
मृत्यु दर्ता	२७७
विवाह दर्ता	३१७
बसाइँसराई दर्ता	१०
सम्बन्ध विच्छेद दर्ता	२४
कालोपत्रे सडक निर्माण	६८ कि.मी.
ग्रावेल सडक निर्माण	२० कि.मी.
ग्रावेल सडक मर्मत	६ कि.मि.

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवा प्रवाहको अभिलेख व्यवस्थित गरी व्यक्तिगत घटना दर्तासँग सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राही भिडान गरी सेवा प्रवाहलाई चुस्तता दिनुपर्दछ।

२६ **सहकारी संस्थाको नियमनः**

नगरपालिका भित्र कार्यक्षेत्र रहेका सहकारीको अनुगमन तथा नियमन नगरपालिकाबाट हुनुपर्दछ । फलेवास नगरपालिकाबाट प्राप्त विवरण अनुसार नगरपालिका भत्र कार्यक्षेत्र रहने गरी डिभिजन सहकारी कार्यालय बागलुङबाट प्राप्त फाइल अनुसार विभिन्न ४१ सहकारी संस्थाहरु रहेकोमा २५ वटाले सहकारीको अवस्था प्रतिवेदन गरेको पाइयो भने १६ वटा सहकारी सम्पर्कमा नरहेको पाइयो । पालिकाले समेत ती सहकारीको अनुगमन गरी प्रतिवेदन लिने गरेको पाइएन । नियमित अनुगमन नहुँदा सहकारीमा सर्वसाधारणको बचत जोखिममा पर्ने सहकारीको नाउँमा विभिन्न सरकारी तथा अन्य नियकायबाट अनुदान रकम दुरुपयोग गर्नसक्ने देखिँदा सहकारी संस्थाहरुको व्यवस्थित अभिलेख राखी नियमन तथा अनुगमन गर्ने साथै सहकारीका सञ्चालकहरुलाई नगरपालिकाको तर्फबाट प्रदान गरिने सेवासँग उनीहरुको प्रतिवेदन प्रणालीलाई आवद्ध गरी सहकारी अनुगमन चुस्त बनाई समस्याग्रस्त भेटिएमा कानुनी कारबाही गर्न पालिकाको ध्यान जानुपर्ने देखिन्छ।

२७ **पेश्की जमानत र फछ्यौंटः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ को उपनियम ६ मा आपूर्तिकर्ता निर्माण व्यवसायी वा सेवा प्रदायकले खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौतामा उल्लेखित समयावधिभित्र सम्पन्न नगरेको कारणले यस नियम बमोजिम फछ्यौंट हुन नसकेमा सार्वजनिक निकायले उपनियम ३ बमोजिमको बैंक जमानतको रकम सम्बन्धित बैंकबाट प्राप्त गरी पेश्की फछ्यौंट गर्नुपर्नेछ भन्ने उल्लेख छ । पालिका र निर्माण व्यवसायी प्रतिष्ठा जुम्ली आचार्य जे.भी. बीच २०७९।०९।३० मा नगर अस्पताल भवनको निर्माण कार्यसम्पन्न गर्ने गरी ३१ आषाढ २०७८ मा रु. ९००२८७२८।८५ मा सम्झौता भएको थियो । सम्झौता अनुसार निर्माण व्यवसायीबाट काम हुन नसकेको साथै निर्माण व्यवसायीबाट रु. ७००००००।०० मोबिलाइजेशन पेश्की लगेकोमा प्रभु बैंकबाट जारी भएको जमानतको म्याद २०८०।१०।२१ मा सकिएको पाइयो । जगको काम सुरु गरेतापनि हाल कार्य स्थगित रहेको र जमानतको म्याद समेत सकिएकोले नियम तथा खरिद सम्झौताको शर्त बमोजिम सम्बन्धित बैंकबाट पेश्की जमानत बापतको रकम प्राप्त गरी पेश्की फछ्यौंट भएको प्रमाण पेश हुनुपर्ने रु.

पेश्की	७०,००,०००

२८ **करार कर्मचारीको वचत बृद्धि कोषमा थप रकमः**

गो.भौ.नं. ६०५ बाट मिति २०८१।३।२१ बाट करारतर्फका कर्मचारीहरुको वचत वृद्धि कोषमा नगरपालिकाको तर्फबाट फलेवास नगरपालिका विविध कोष खातामा रु. ६१३३५१.०० ट्रान्सफर गरेको देखिन्छ । कार्यविधि, निर्देशिका तर्जुमा गरी सो आधारमा विविध

कोष खातामा रकम जम्मा गर्नुपर्नेमा नगरपालिका साझेदारी रकम (२.५ प्रतिशत) ले हुने रु. ६१३३५१.०० करारतर्फका कर्मचारीको वचत बृद्धि कोषमा पठाएको छ । नगरपालिका तर्फका २५ जना, वडा कार्यालय तर्फका २२ जना, कृषि/पशु सेवा तर्फका ८ जना, स्वास्थ्यतर्फका १६ जना समेत ७७ जना करार कर्मचारी, स्वास्थ्यतर्फका कार्यक्रमका समेतलाई २.५ प्रतिशत कल्याणकोष कट्टा गरी नगरपालिकाले सो वरावरको रकम थप गरी कोषमा पठाएको देखिन्छ । करार सेवाका कर्मचारीलाई करारमा तोके बमोजिम भन्दा बढी हुने गरी वा फरक हुने गरी नगरपालिकाबाट रकम थप गर्नु कानुन विपरित देखिएको रु.

अनियमित भएको	६,१३,३५१

२९ **नगर अस्पताल भवन निर्माणः**

दश शैय्याको नगर अस्पताल भवन निर्माणको लागि रु. १३०३८१९२३।०० को लागत अनुमान स्वीकृत गरी रु. ९००२८७२८।८५ को सम्झौता मूल्यमा २०७९।०९।३० सम्म कार्यसम्पन्न गर्ने गरी निर्माण व्यवसायी प्रतिष्ठा।जुम्ली आचार्य जेभी सँग २०७८।०३।३१ मा सम्झौता भएको थियो । कार्यस्थलमा जगको माटो खन्ने कार्य केही मात्रामा भएतापनि हालसम्म प्राविधिक नापजाँज मूल्याङ्कन भई बिल भुक्तानी भएको अभिलेखबाट देखिँदैन भने उक्त ठेक्काको म्याद समाप्त भएकोमा लेखापरीक्षण अवधिसम्म म्याद थप माग तथा म्याद थप भएको समेत अभिलेखबाट पाइएन ।लेखापरीक्षणको क्रममा निर्माणाधीन नगर अस्पताल भवनको स्थलगत अवलोकन गर्दा निर्माणाधीन अस्पतालको केही कार्य भएतापनी निर्माण कार्य अधूरो अवस्थामा रहेको पाइयो भने निर्माण व्यवसायी कार्यस्थलमा परिचालित भएको देखीएन ।सार्वजनिक खरिद ऐन, नियम तथा सम्झौताका शर्त बमोजिम उक्त ठेक्का सम्बन्धमा आवश्यक निर्णय लिई टुंगोमा पुग्नुपर्ने देखिन्छ ।



३० **पेश्की फछ्र्यौटः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५२(१) बमोजिम पेश्की लिने र कार्यविधि अपनाई आर्थिक वर्षको अन्त्यसम्ममा फछ्र्यौट नभई बाँकी रहेको रकम नियमानुसार पेश्की फछ्र्यौट हुनुपर्दछ । आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट हुन बाँकी म्याद नाघेको निम्नानुसारको पेश्की नियमानुसार फछ्र्यौट हुनुपर्ने रु.

गो.भौ.न. र मिति	पेश्की लिनेको नाम	प्रयोजन	पेश्की रकम रु.
(२०८१।०३।२)	सिद्धकाली विद्युतीकरण उ.स.	विद्युत ट्रान्सफर्मर तथा थ्रीफेज लाइन विस्तार	४५००००।००
९३८-२०८१।०३।२४	श्री ग्रामोदय मा.वि.	शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	६५००००।००
९३८-२०८१।०३।२४	श्री जनजाग्रिति आ.वि.		६५००००।००
९३८-२०८१।०३।२४	श्री जनज्योति मा.वि.		६५००००।००
९३८-२०८१।०३।२४	श्री शारदा मा.वि.		६५००००।००
९३८-२०८१।०३।२४	श्री सिद्ध मा.वि.		६५००००।००
९३८-२०८१।०३।२४	श्री माटेदेवल जनसहयोगी प्रा. तथा व्य. मा.वि.		३६०००।००
९३८-२०८१।०३।२४	श्री माटेदेवल जनसहयोगी प्रा. तथा व्य. मा.वि.		१६४०००।००
९३८-२०८१।०३।२४	श्री थापाठाना मा.वि.		२५००००।००
९३८-२०८१।०३।२४	श्री भवानी विद्यापीठ मा.वि.		१५७०००।००
९३८-२०८१।०३।२४	श्री भवानी विद्यापीठ मा.वि.		२९३०००।००
	जम्मा		४६०००००।००

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **११४,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

पेश्की	४६,००,०००

३१ **नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजनाः**

छनोट भएका १७ मध्ये यो नगरपालिकामा नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना कार्यान्वयनको चरणमा रहेको छ । आयोजनाले छनोट गरेका उपआयोजनाहरु श्रममूलक हुनुपर्ने उल्लेख छ भने सञ्चालित उपआयोजनाबाट उच्चतम प्रतिफल प्राप्त हुने खालको हुनुपर्दछ । पालिकाले यो वर्ष १५३ उपआयोजना सञ्चालन गरी रु. १० करोड ५२ लाख ९९ हजार खर्च गरेको छ । यस सम्बन्धी केही आयोजनाहरुको उदाहरण र व्यहोराहरु निम्नानुसार छन्।

• पालिकाले श्रममूलक र सार्वजनिक निर्माण कार्यको बारेमा वडा समन्वय तथा अनुगमन समितिलाई अभिमूखीकरण गर्नुपर्ने उल्लेख भएकोमा यसरि अभिमूखीकरण गरेको अभिलेखबाट देखिएन • व्यवसायिक र स्वास्थ्य सुरक्षा निर्देशिका अन्तर्गत व्यवसायजन्य स्वास्थ्य र सुरक्षा सम्बन्धमा कामदारलाई सहभागी गराएको अभिलेखबाट देखिँदैन भने आयोजना अन्तर्गत काम गर्ने कामदारहीको सामुहिक बीमा गर्ने व्यवस्था निर्देशिकामा नदेखिएकोले त्यसलाई समेट्नुपर्ने देखिन्छ ।

• आयोजना डिजाइनमा टुल्स खरिदको व्यवस्था भएपनि मर्मतको व्यवस्था नहुँदा थोरै लगानीमा पनि काम गराउन सकिनेमा त्यो अवस्था नरहेको साथै वडाहरुमा टुल्सको व्यवस्थित अभिलेख नरहेकोले त्यो अभिलेख राखी प्रतिवेदन गर्नुपर्ने देखिन्छ ।

• उपआयोजनामा काम गर्ने कामदार सोही वडाको।पालिकाको भएको सुनिश्चित हुन कामदार अभिलेखमा ठेगाना स्पष्ट हुनेगरी अभिलेख राख्न लगाउनुपर्ने देखिन्छ ।

• निर्माण कार्यको गुणस्तर अभिवृद्धि गर्न उपभोक्ता समितिबाट हुने काममा स्पेशिफिकेशन अनिवार्य संलग्न गरी बाटो ढलान तथा ग्याबिन बक्समा ढुँगा भर्ने कार्यमा प्रयोग हुने जि.आई. तार र ढलानको बाटोको गुणस्तर परीक्षण अनिवार्य गराउनुपर्दछ।

(विस्तृत विवरण बेरूजु दफा ३१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३२ **कृषि तथा पशुमा अनुदानः**

कृषि तथा पशुमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८० अनुसार सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकीकरण एवं अनुगमन हुनुपर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको सम्बन्धमा प्रतिवेदन पेश गर्नुपर्दछ। साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ। पालिकावाट प्राप्त विवरण अनुसार यस वर्ष सञ्चालित प्रमुख कार्यक्रमहरु देहाय अनुसार छन्।

गो.भौ.न. र मिति	विवरण	अनुदान रकम	कैफियत
११२-०८१।०१।१६)	फलफूल प्रवर्द्धन कार्यक्रम	२५५५००.००	बोर्डो पेष्ट खरिद तथा वितरण
९३७-०८१।०३।२८	खाद्यान्न बालीको उन्नत बिउ उपयोगमा अनुदान	७९९००.००	११६० के.जी. गहुँ र १५६८ के.जी. मकैको बीउ खरिद तथा वितरण
१९९-०८१।०३।१७	रैथाने बाली प्रवर्द्धन कार्यक्रम	३७७६३०.००	१५०० के.जी. कोदोको बिउ खरिद तथा वितरण
गो.भौ.नं. ७०	हरियो घाँस वितरण कार्यक्रम	३३९७००.००	घाँसको बिउ खरिद तथा वितरण

कृषि तथा पशुमा अनुदान सम्बन्धमा देखिएका मुख्य व्यहोरा निम्न अनुसार छन् ।

• किसानलाई अनुदान वितरण गर्दा लक्षित वर्गको छनोट के कसरी कुन मापदण्डको आधारमा भएको हो प्रष्ट खुलेको छैन ।

• अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलब्धि मूल्याङ्कन भएको छैन । तसर्थ पालिकाले अनुदान वितरण लाई प्रष्ट मापदण्ड सहितको कार्यविधि बनाई नतिजा सग आवद्व गरी पारदर्शिता को लागि अनुदान प्राप्त गर्ने को बिवरण सार्वजनिक गर्नुपर्दछ।

३३ **बढी भुक्तानीः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५७ मा सार्वजनिक निकायले बिल बिजकको भुक्तानी गर्दा खरिद सम्झौताको अधिनमा रही तोकिए बमोजिम गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष बिरुवा हाम्रो फल तपाइँको कार्यक्रम अन्तर्गत तपशिल बमोजिमका नर्सरी फर्महरुबाट सुन्तलाको बिरुवा खरिद गर्दा प्रतिगोटा रु. ३५ दररेट प्रस्ताव पेस भएकोमा बिल पेस गर्दा प्रतिगोटा रु. २ प्याकिङ चार्ज समेत समावेश गरी १५१६९ वटा बिरुवाको रु. २ का दरले जम्मा रु. ३०,३३८।०० बढी भुक्तानी भएको देखिएकोले असुल हुनुपर्ने रु.

क्र.सं.	आपूर्तिकर्ताको नाम	बिरुवाको संख्या	प्याकिङ चार्ज दर रु.	बढी भुक्तानी रु.
१.	बगाले थापा कृषि फर्म	३७९०	२	७५८०
२.	श्रीकाङ चिसापानी कृषि तथा पशु फर्म	५४००	२	१०८००
३.	नवजीवन कृषि फर्म	५९७९	२	११९५८
	जम्मा रकम रु.	१५,१६९	२	३०,३३८

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **४,८१४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	३०,३३८

३४ **दूधमा ढुवानी अनुदानः**

पालिकाबाट वितरित अनुदान सम्बन्धित किसानसम्म पुगेको सुनिश्चित हुनुपर्दछ । पालिकाले दूधको उत्पादन र बजारीकरण अभिवृद्धि गरी व्यवसायिक पशुपालनमा प्रोत्साहन गर्न कृषि फर्म तथा सहकारी मार्फत दूधको सङ्कलन र बिक्री वितरण गर्ने किसानहरुलाई प्रतिलिटर दूधमा ३।५० ढुवानी अनुदान दिनेगरी रु. २० लाख बजेट विनियोजन गरेकोमा आर्थिक वर्षको आठ महिना समय बितिसकेपछि २०८० चैत्र १४ मा साउन देखि फागुन मसान्त सम्मको अनुदानको लागि तथ्याङ्क उपलब्ध गराउन सूचना प्रकाशित गरी तपशिल बमोजिम जम्मा रु. १५९४९०५।०० भुक्तानी गरेको पाइयो।

क्र.सं.	कृषि फर्म तथा सहकारीको विवरण	भुक्तानी रु.	कैफियत
१.	चिसापानी दुग्ध सहकारी संस्था लि., फ.न.पा. - ७	२,९८,६५५	
२.	रहाले कृषि सहकारी संस्था लि., फ.न.पा. - ६	१,६१,११५	
३.	हराभरा सामाजिक उद्यमी महिला सहकारी संस्था लि., फ.न.पा. - १०	४,३२,०२२	
४.	सिर्जनशील बहुउद्देश्यीय सहकारी संस्था लि., फ.न.पा. - ३	५८,६४९	सम्बन्धित किसानलाई रकम वितरण गरेको प्रमाण छैन ।
५.	कृष्णगण्डकी दुग्ध उत्पादन सहकारी संस्था लि., फ.न.पा. - ६	४,२८,२१७	
(क)	**सहकारीहरुलाई भुक्तानी भएको जम्मा**	**१३,७८,६५८**	**प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने ।**
६.	सफल कृषि तथा पशुपन्छी फर्म, फ.न.पा. – ४	३५,९१०	
७.	लक्ष्मी पशु फर्म, फ.न.पा. - १	५८,७२८	
८.	अधिकारी कृषि तथा पशुपन्छी फर्म, फ.न.पा. -	१९,५६१	सम्बन्धित फर्मलाई भुक्तानी भएको ।
९.	सापकोटा गाई फर्म, फ.न.पा. - ४	२९,९३२	
१०.	राजन गाई फर्म, फ.न.पा. - ३	४१,९३३	
११.	सुनसरी कृषि तथा पशुपन्छी फर्म, फ.न.पा. - ४	३०,१८३	
(ख)	**कृषि फर्महरुलाई भुक्तानी भएको जम्मा**	**२,१६,२४७**	
(ग)	जम्मा	१५,९४,९०५	बजेट विनियोजन - २० लाख

वितरण भएको अनुदान मध्ये सम्बन्धित कृषि फर्महरु (६ वटा)लाई जम्मा रु. २१६२४७।०० भुक्तानी भएको छ तर ५ वटा सहकारीहरुलाई भुक्तानी भएको रकम रु. १३७८६५८।०० सम्बन्धित किसानले भुक्तानी प्राप्त गरेको प्रमाण संलग्न भएको नदेखिएकोले सम्बन्धित किसानलाई अनुदान वितरण गरेको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	१३,७८,६५८

३५ तालिम, गोष्ठी तथा अभिमुखीकरण कार्यक्रमः

पालिकामा विभिन्न तालिम, गोष्ठी, अभिमुखीकरण तथा क्षमता अभिकृद्धि कार्यक्रम सञ्चालन गर्न आर्थिक मामिला तथा योजना मन्त्रालय गण्डकी प्रदेशले खर्चको मापदण्ड जारी गरेको छ । मापदण्डमा प्रशिक्षकलाई पारिश्रमिक भुक्तानी गर्दा कार्यपत्र संलग्न गरेर भुक्तानी गर्नुपर्ने व्यवस्था उल्लेख छ । तालिम, गोष्ठी, अभिमुखीकरण सञ्चालन गर्दा तालिमको उद्देश्य तथा प्रकृति बमोजिम सहभागीको नामावली संकलन, विषयवस्तुको छनौट, विषयवस्तुका जानकार र विज्ञको व्यवस्थापन, तालिम सामग्री तथा तालिम हलको व्यवस्थापनका सम्बन्धमा पर्याप्त गृहकार्य गर्नु पर्ने हुन्छ । पालिकाले विभिन्न तालिम, गोष्ठी, अभिमुखीकरण तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरेकोमा अधिकांश कार्यक्रममा आवश्यकता तथा क्षमता भन्दा बढी सहभागी समावेश गरेको, कार्यक्रमको तालिका तथा विषयसूची नबनाएको, तालिमको विषयवस्तु अनुसारको विज्ञ छनौट नगरेको, कर्यपत्र तयारी नगरेको साथै प्रशिक्षकलाई कार्यपत्र बेगर नै प्रशिक्षण भत्ता भुक्तानी गरेको देखियो । त्यसै गरी नर्मसको प्रयोग र पालनामा समेत एकरुपता देखिएन । पालिकाले तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्दा तोकिएको मापदण्डलाई कडाइका साथ प्रयोग गर्नुपर्ने देखिन्छ ।त्यसै गरी तालिम सञ्चालन पश्चात तालिमको उपलब्धी तथा सोवाट सिर्जित रोजगारी तथा राजश्व आम्दानी सम्बन्धमा हालसम्म कुनै प्रतिवेदन तयारी गरेको देखिदैन। हरेक वर्ष तालिम तथा कार्यक्रममा खर्च हुँदै आएकोमा सोको समिक्षा गरी उत्पादन तथा रोजगारी वृद्धि गर्ने प्रकृतिका तालिम तथा कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ।

३६ सवारी साधन भाडाः

सवारी साधन भाडामा लिदा सार्वजिनक खरिद नियमावली २०६४ को नियम १३ बमोजिम भाडामा लिइने सवारी साधनको स्पेशिफिकेशन, अवस्था र आयु प्रचलित बजार दर, भाडामा लिने अवधी, ईन्धनको मुल्य र खपत जस्ता कुराहरुलाई विचार गरी कार्यालय प्रमुख र दक्ष प्राविधिकको समिति गठन गरी सवारी साधन भाडाको लागत अनुमान तयार तथा स्वीकृत गरी खरिद ऐन नियमावली अनुसार प्रतिस्पर्धाबाट लिनुपर्ने व्यवस्था छ । नमुना छनौटको आधारमा लेखापरीक्षण गर्दा कार्यालयले निम्नानुसारका गाडी भाडामा लिई सोझै सम्झौता गरी भुक्तानी दिएको देखियो। भाडाको गाडी प्रयोग गरेको लगबुक, कार्यादेश र प्रतिवेदन पेश नगरेको कारण गाडी कुन काममा कसले प्रयोग गरेको भनी खुल्दैन । कार्यालयले गाडी उपयोगको आधारमा भाडा भुक्तानी गर्नुका साथै गाडी उपयोग नभएको सार्वजनिक विदाको भाडा गणना गरी आवश्यक प्रक्रिया अनुसार गर्नुपर्नेमा कार्यपालिकाको पूरानो निर्णयलाई नै निरन्तरता दिइ दररेट कायम गरेको कार्यालयले जनाएतापनि प्रतिस्पर्धा वेगर खरिद गरेको नियमित हुनुपर्ने रु.

गोभौ.नं.	भुक्तानी लिनेको नाम	भाडा रकम
८३।२०८०।०८।१०	सज्जन परियार	३००००
९३।२०८०।०८।१०	जोनी गुरुङ	४००००
१६४।२०८०।०९।२३	हिम प्रसाद अधिकारी	८८९०
१७३।२०८०।०९।२४	तोरण शर्मा	८०००
१७७।२०८०।०९।२५	जोनी गुरुङ	३००००
१७८।२०८०।०९।२५	दिपेन्द्र कार्की	२७०००
२२०।२०८०।१०।२३	युराजु उप्रेती	१४४४०
४७३।२०८१।०३।०५	गोपी पोखरेल	३५००
६३९।२०८१।०३।२३	तोरण शर्मा	१०६५००
६४५।२०८१।०३।२३	तोरण शर्मा	६५००
	जम्मा	**२७४८३०**

अनियमित भएको	२,७४,८३०

३७ वडा सञ्चालन खर्चः

वडा सञ्चालन कार्य मितव्ययी हुनुपर्दछ ।सभाले नै वडाको शीर्षकगत सिमा तोक्नुपर्नेमा तोकेको छैन ।पालिकाको ११ वटा वडा संचालन खर्च अन्तर्गत कार्यालय सामान खरिद, सवारी मर्मत र विविध शिर्षकमा रु. ५४६७९०२ खर्च भएको छ । वडा सञ्चालनको शीर्षकगत सिमा गाउँपालिकाको सभाले निर्धारण गरी सोही सिमाभित्र रहेर मितव्ययी रुपमा खर्च हुनुपर्दछ।

३८ थप सामाजिक सुरक्षा भत्ताः

सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को परिच्छेद ४ को दफा १५(२) मा सामाजिकसुरक्षा भत्ता पाइरहेका लाभग्राहीहरुका लागि संघीय सरकारबाट प्राप्त रकममा स्थानीय सरकारले आफ्नो कोषबाट कुनै पनि रकम थप गरी प्रदान गर्न नसकिने व्यवस्था छ । कार्यविधि अनुसार कुनै कार्यक्रम संचालन गर्न सक्ने भएता पनि रकम नै थप गरेर भुक्तानी दिन नमिल्ने स्पष्ट व्यवस्था छ । तर यस नगरपालिकाले आफ्नो आन्तरिक आय अति न्यून रहेको अवस्थामा समानीकरण अनुदानबाट विधुर पुरुष तथा एक महिला सामाजिक संरक्षण प्रोत्साहन शीर्षकमा मासिक रु. १००० का दरले विभिन्न भौचरबाट रु. १०७३९०० खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ । संघीय सरकारको कार्यविधि विपरित देखिएकोले नियमित हुनुपर्ने रु.

अनियमित भएको	१०,७३,९००

३९ समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ताः

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९मा स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। पालिकाले स्वीकृत शिक्षक दरवन्दी पर्याप्त नभएको भनि निजी स्रोतमा शिक्षक नियुक्त गरी समानीकरण अनुदानबाट देहायका विद्यालयमा तलवको लागि रकम निकासा गरेको पाईयो । आवश्यक भए दरबन्दी स्वीकृत गर्ने तर्फ पहल गर्नुपर्नेमा दरवन्दीभित्र नपरेका निजी स्रोतका शिक्षकहरुको लागि तलव भत्ता अनुदान नियन्त्रण गरी नियमित हुनुपर्ने रु..

भौचर नं. र मिति	विद्यालयको नाम	रकम
४७१ र ६२८	राम मा.वि.	२१३०००
४७ र ४५०	लिमीठाना मा.वि.	५३७९७०
४२६।२०८१।०२।१३	जनता प्रा.वि.	३२५०००
४५१।२०८१।२।२९	थापाठाना मा.वि.	५३८०००
६०१।२०८१।०३।२१	जनजागृति आ.वि.	१०००००
जम्मा		**१७१३९७०**

अनियमित भएको	१७,१३,९७०

४० **पदाधिकारी भ्रमण खर्चः**

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ भ्रमण खटिने पदाधिकारी तथा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था समेत गर्नुपर्ने उल्लेख छ । नियम १८ को उपनियम १ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भ्रमण भत्ता तथा भ्रमण खर्चको बिल भरी भ्रमण प्रतिवेदन साथ आवश्यक विल भरपाई सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था रहेको र नियम २३ को उपनियम १ मा नियमावली अनुसार पाउने सुविधा लिने प्रयोजनको लागि भ्रमण गर्ने कुनै पदाधिकारी वा कर्मचारीले झुट्टा विवरण पेश गरी भुक्तानी लिएको ठहरेमा झुट्टा विवरण पेश गरी भुक्तानी लिएको रकमको दोब्बर रकम निज सरकारी सेवामा रहेको भए निजले पाउने तलबबाट कट्टा गरी लिईनेछ र निजलाई कारबाही समेत गरिने व्यवस्था रहेको छ । पदाधिकारी तथा सदस्यको दैनिक भ्रमण भत्ता बापत यस बर्ष रु. ४,९३,६३०।– खर्च भएको देखिन्छ । कन्टिन्जेन्सी तथा अन्य सशर्त अनुदानको कार्यक्रम तर्फबाट समेत खर्च भुक्तानी भएकोले पदाधिकारी तथा सदस्यको दैनिक भ्रमण भत्तामा थप खर्च भएको देखिन्छ । भ्रमण खर्च भुक्तानी गर्दा भ्रमण खर्च नियमावलीले व्यवस्था गरे बमोजिम भ्रमणको प्रयोजन र उद्देश्य उल्लेख नगरेको, भ्रमण प्रतिवेदन र भ्रमण काजमा गएको पुष्टी हुने थप प्रमाण कागजात, फोटो पेश नगरी भुक्तानी दिएको देखिन्छ । यस आधारमा पदाधिकारी तथा सदस्यहरु कार्यालयको कामको सिलसिलामा भ्रमण गएको हो भन्ने पुष्ट्याई हुने पार्याप्त आधार देखिएको छैन । साथै गण्डकी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ९ को उपदफा १ मा पदाधिकारी तथा सदस्यको लागि दैनिक भ्रमण भत्तामा खर्च गर्दा स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारलाई समेत विचार गर्नपर्ने उल्लेख छ । यस बर्ष पालिकाको जम्मा आन्तरिक आय रु. ८८२९७७६ को तुलनामा ६ प्रतिशत रकम दैनिक भ्रमण भत्तामा खर्च भएको देखिन्छ । उद्देश्य र प्रयोजन सहित कार्यालयको कामको सिलसिलामा हुने भ्रमणको मात्र पदाधिकारी तथा सदस्यलाई मात्र दैनिक भ्रमण भत्ता भुक्तानी गर्नुपर्दछ।

४१ **बढी भुक्तानीः**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था उल्लेख छ ।विपन्नलाई आर्थिक सहायता वापत सहायक चौथौ अस्मिता तिवारीले पेश्की लिइ गो भौ.नं. १७६।२०८०।०९।२५ बाट रु. २१४००० फछर्यौट गरेकोमा रु. १९५०००।को मात्र आर्थिक सहायताको भरपाइ संलग्न देखियो ।भरपाइ बेगर खर्च लेखेको रकम सम्बन्धितबाट असुल गरी स्थानीय संचित कोष दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१९,०००

४२ **यन्त्र उपकरण सञ्चालन-**

पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत बापत गरेको खर्च गरेको तर आय तर आय प्राप्त गरेको छैन। पालिकाले यस वर्ष एक्स्काभेटर र ब्याकहो लोडर सञ्चालनार्थ रु. १००००००।०० बजेट विनियोजन गरेकोमा इन्धन, मर्मत तथा जनशक्ति लगायतमा जम्मा रु. ९३२८०००।०० खर्च लेखेको छ तर यसबाट पालिकाको आन्तरिक राजस्वमा योगदान हुने गरी आय प्राप्त भएको सम्बन्धमा कुनै अभिलेख उपलब्ध छैन । पालिकाले उक्त उपकरण सञ्चालनको लगसिट राखेको छैन भने अर्कोतर्फ लगानी र आय विष्लेषण समेत गरेको पाइएन। उपकरण पालिका आफैँले वा भाडामा सञ्चालन गर्ने सम्बन्धी कुनै कार्यविधि तयार नगरी पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेको पाइयो। यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित हुन सकेको छैन भने प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था रहेको छैन। पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ। यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ।

४३ **राष्ट्रपति रनिङ शिल्ड कार्यक्रमः**

राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७० को दफा ९(४) मा स्थानीय तहस्तरीय प्रतियोगितामा संलग्न गरीने खेलका इभेन्ट्सहरु अनुसूची ४ मा उल्लेख गरे बमोजिम हुने उल्लेख रहेको र अनुसूची-४ बमोजिमका अनिवार्य खेलहरु अन्तर्गत छात्रा र छात्रको संचालन हुने गरी भलिवल, कबड्डी, एथलेटिक्स, मार्सल आर्ट (उसु, कराते र तेक्वाडो) मा बिभीन्न ३० वटा विधामा प्रतियोगिता संचालन गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले गो.भौ.नं. ५७५ - २०८१।०३।२० बाट राष्ट्रपति रनिङ शिल्ड कार्यक्रमको लागि रु. ५९५००० खर्च गरेको छ ।निर्देशिका बमोजिमको खेलका इभेन्ट्सहरु सञ्चालन , छात्र छात्रा सबैको समान सहभागिताको सुनिश्चितता र खेलकुदका अन्य क्रियाकलाप सञ्चालन गरेको नगरेको सम्बन्धी कुनै पनि कागजात श्रेस्तामा संलग्न देखिएन । अतः अन्तरमावि र जिल्लास्तरीय खेलकुद सञ्चालन गरेको मिति तथा इभेन्ट्स खुल्ने प्रतिवेदन पेश गरी नियमित हुनुपर्ने रु.

अनियमित भएको	५,९५,०००

४४ **सवारी साधन मर्मत खर्चः**

कार्यालयले यथासक्य मितव्ययी तथा प्रभावकारी खर्च व्यवस्थापनमा जोड दिनुपर्दछ ।सवारी साधन लगायतका जिन्सी सम्पत्तिको प्रयोग गर्दा सञ्चालन खर्च अत्याधिक भएको अवस्थामा समयमा खर्च नियन्त्रणका वैकल्पिक उपायहरु पहिचान गरी नयाँ सवारी साधन खरिद गर्ने वा चालु सवारी साधन नै प्रयोग गर्ने सम्बन्धमा समयमै उचित निर्णय लिनुपर्दछ । कार्यलयको प्रयोगमा रहेको सरकारी नम्बर प्लेटको बा. ७ च. ४५५९, बा. १ झ. ५९९६ र ग. १ झ. ३७९ नम्बरको ३ सवारी साधनको वार्षिक मर्मत सम्भार शीर्षकमा रु. २२,०१,८८० खर्च गरेको देखियो । यसरी मर्मतका लागि पूरानो सवारी साधनलाई ठूलो रकम खर्च गर्नु भन्दा बजेट विनियोजन गरेर नयाँ सवारी साधन खरिदमा जोड दिइ सार्वजनिक श्रोत साधनको अत्युत्तम उपयोग गर्नेतर्फ कार्यालयले ध्यान पुर्याउनुपर्ने देखिन्छ।

४५ **फोहोरमैला व्यवस्थापनः**

फोहरमैला संकलन, पृथकीकरण र व्यवस्थापन अन्तर्गत क्लिन फलेवास, ग्रीन फलेबास कार्यक्रमको लागि पालिकाले ७ जना कर्मचारी करारमा राखी यो वर्ष रु. १९५९८७५/- खर्च गरेको देखिन्छ । खर्चको उपलब्धी सम्बन्धमा नगरपालिकाले कुनै प्रतिवेदन तयार गरेको छैन भने फोहरमैला व्यवस्थापनको दीर्घकालीन योजना तर्जुमा समेत गरेको देखिएन।

४६ **प्रमाणित कच्चावारी बेगर खर्चः**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ अनुसार कार्यालयले आर्थिक वर्षको अन्त्यमा भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी म.ले.प.फा.नं. २२१ मा सम्पूर्ण विवरणको लगत तयार गरी स्वीकृत गराई भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले गत वर्षको भुक्तानी दिन बाँकीको कच्चावारीमा पालिकाले घरभाडा भुक्तानी वापत रु. १५८४०० कायम गरेकोमा सो वापतको भुक्तानी भने रु. १६४४०० गरेको पाइयो । यसरी प्रमाणित भुक्तानी दिन बाँकीको कच्चावारी भन्दा रु. ६००० बढी गरेको भाडा भुक्तानी नियमित हुनुपर्ने रु.

अनियमित भएको	६,०००

४७ **कानुनी सल्लाहकारः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्न नहुने उल्लेख छ । पालिकाले कानुनी सल्लाहकारको रुपमा एक जना नियुक्त गरी रु. १ लाख २० हजार भुक्तानी गरेको छ । स्वीकृत दरबन्दी नभएको अवस्थामा कानुनी सल्लाहकार नियुक्त गरी भुक्तानी गरेको रकम कानुनसम्मत नदेखिएको रु.

अनियमित भएको	१,२०,०००

४८ **लक्षित कार्यक्रमको प्रभावकारीताः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष फाईदा योगदान पुग्ने, उत्पादकत्व वृद्धी सहित रोजगारी सृजना गर्ने महिला बालबालिका तथा पिछडिएको स्थानीय स्रोत साधन र सिपको उपयोग सहित, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने दिगो लक्षित वर्गको विकासमा आधारित कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले र वडाहरुले लक्षित समुहको क्षमता विकास कार्यक्रम शिर्षकमा वजेट विनियोजन गरी कार्यन्वयन गर्दा उक्त शिर्षकहरुबाट लक्षित समुहको क्षमता विकास सहित आय आर्जनमुखी र पुँजी निर्माण हुने खालको कार्यक्रमहरुमा खर्च नगरी खाना, खाजा, भत्ता जस्ता अनुत्पाकशील क्षेत्रमा खर्च गर्ने गरेको देखियो । यस्ता क्षेत्रमा खर्च गर्दा लक्षित समुहको क्षमता विकासमा सहयोग नपुगी खर्च मात्र भएको देखीने तथा सार्बजनिक कोषको सहि उपयोग हुने देखिएन । नगरपालिकाले र बडाहरुले कार्यक्रम कार्यान्वियन गर्दा पुँजी निर्माण हुने, लक्षित समुहको सीप र क्षमता आत्मनिर्भर बन्न मद्वत गर्ने रोजगारी सृर्जना गर्ने प्रकृतिको कार्यक्रम कार्यान्वियन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

४९ **सट्टा शिक्षकः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५० **क्याम्पसलाई अनुदानः**

संविधानको अनुसूचीमा संघीयता कार्यान्वियनका सम्बन्धमा तीनै तहका सरकारको कार्यक्षेत्र स्पष्ट उल्लेख गरिएको छ जस अनुसार अनुसूची ८ मा स्थानीय तहको अधिकार सूचीमा आधारभूत र माध्यमिक शिक्षा रहेको छ। पालिकाले संविधानले तोकेको अधिकारक्षेत्रको विपरीत पर्वत बहुमुखी क्याम्पसलाई रु. १०५५००० अनुदान दिएको पाइयो ।गत विगतदेखिको अनुदानलाई निरन्तरता दिएको कार्यालयको भनाइ रहेतापनि नियमानुसार नदेखिएको रु.

अनियमित भएको	१०,५५,०००

५१ **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवन यापनमा सुधार ल्याउने उद्देश्यले ७५३ वटै स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। प्रधानमन्त्री रोजगार सञ्चानल कार्यविधि, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सूचीमा समावेश भएका बेरोजगारहरुलाई प्राथमिकीकरण गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था छ । कार्यक्रम अन्तर्गत पालिकाले यस आ.व.मा विभिन्न वडाहरुमा नाली सरसफाई, मोटरबाटो सोलिङ तथा सरसफाइ, सिँचाइ कुलो मर्मत तथा नहर सरसफाइ, पदमार्ग निर्माण गर्ने लगायतका १८ वटा प्याकेजमा निर्माण, मर्मत तथा सरसफाइका कार्य सञ्चालन गरी जम्मा १७० जनालाई रोजगारी उपलव्ध गराई कुल ज्याला रु. ५० लाख ५६ हजार ९३७ खर्च गरेको छ। पालिकाले लक्षित वर्गलाई औसत ४३ दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च

लेखेको छ। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि कामको दीगोपना अभिवृद्धि तथा दीर्घकालीन रोजगारी सिर्जनामा प्रभावकारी योगदान पुगेको देखिँदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

५२ **लघु उद्यम विकास कार्यक्रमः**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ को दफा ४१(३) अनुसार प्रविधि हस्तान्तरण सम्बन्धी प्रक्रियामा उद्यमीलाई प्रदान गरिने प्रविधिको कुल रकममा सम्बन्धित लाभग्राही उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको कुल अङ्कको कम्तीमा बीस प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा असी प्रतिशत रकम मात्र कार्यालयले आपुर्तिकर्तालाई भुक्तानी गर्नु पर्ने ब्यवस्था छ। गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत आ.व. २०८०।८१ मा पालिकाले तपशिल बमोजिमका कार्यक्रमहरु सञ्चालन गरेको छ ।

क्र.सं.	कार्यक्रम /प्यकेजको नाम	सञ्चालन मिति तथा अन्य विस्तृत विवरण	खर्च रु.	कैफियत
१.	नयाँ उद्यमी सिर्जना तथा पुराना उद्यमीको स्तरोन्नति	विभिन्न मितिमा गरी ३ पटकमा ३६ वटा मौरीको घार तथा गोला खरिद गरी वितरण गरिएको	२,५८,६००.००।-	(२० प्रतिशत उद्यमी साझेदारी)
२.	पुराना उद्यमीको स्तरोन्नति	१६ वटा प्लाष्टिक टनेल खरिद गरी मिति २०८०।१२।१३ मा वितरण (वडा नं. ५ र ६)	३६,०००.००।-	
३.	समूहमा प्रविधि हस्तान्तरण	१ वटा ह्याण्ड फ्ल्याट निटिङ मेशिन खरिद तथा वितरण (वडा नं. २)	१,२४,०००.००।-	
४.	समूहमा प्रविधि हस्तान्तरण	९ वटा होजियरी मेशिन खरिद तथा वितरण (वडा नं. २)	१,७१,०००.००।-	
५.	नयाँ उद्यमी सिर्जना	१. मेडेप मोडेल	२७,९७०.००।-	
		२. सहभागितात्मक ग्रामीण विकास र लेखाजोखा		
		३. समूह गठन		
६.	नयाँ उद्यमी सिर्जना	१. TOPE/TOSE/GESI	८४,५१०.००।-	
		२. TOSE/GESI		
७.	नयाँ उद्यमी सिर्जना	१. मौरीपालन सीप विकास तालिम	२,५२,३९६.००।-	
		२. साबुन, सरफ, हार्पिक र फिनेल उत्पादन तालिम		
८.	नयाँ उद्यमी सिर्जना	लघु वित्तमा पहुँच कार्यक्रम	२८,१८५.००।-	
९.	नयाँ उद्यमी सिर्जना	बजारीकरण कार्यक्रम	२८,१९०.००।-	
१०.	नयाँ उद्यमी सिर्जना	प्रविधि हस्तान्तरण कार्यक्रम	२,१०,६००.००।-	
११.	स्तरोन्नति कार्यक्रम	चुरापोते माला उत्पादन स्तरोन्नति तालिम	४९,९१५.००।-	

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादन सामाग्रीहरु प्रशिक्षण अवधिभित्रै परल मूल्यको ५० प्रतिशत छुट मूल्यमा सहभागीलाई नै विक्रि गरि प्राप्त रकम तोकिए बमोजिम राजस्व दाखिला गर्नु पर्ने तथा उक्त सामान कहीँ पनि विक्री नभएमा स्टोर दाखिला गरि यथाशिघ्र लिलाम विक्रि गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले आ.व. २०८०।८१ मा सञ्चालन गरेको नयाँ उद्यमी सिर्जना (साबुन, सरफ, हार्पिक र फिनेल उत्पादन तालिम) र स्तरोन्नति कार्यक्रम (चुरापोते माला उत्पादन स्तरोन्नति तालिम) सञ्चालन गरेकोमा उल्लेखित तालिमहरुबाट उत्पादित सामग्रीहरुको अभिलेख राखेको छैन । तालिमको क्रममा उत्पादित सामग्रीहरुको बिक्री वितरण गरी प्राप्त रकम राजस्व दाखिला गरिएको छैन । सामग्रीहरुको जिन्सी दाखिला समेत गरिएको छैन । जसका कारण एकातिर गरिबी

निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को पालना भएको छैन भने अर्कोतिर यसरी सञ्चालन भएका तालिमहरु उद्यमशीलता विकासमा प्रभावकारी नहुने भएकोले निर्देशिकाको पूर्ण पालना गर्नुगराउनुपर्दछ ।

५३ **सिकाई सामाग्री तथा डिजिटल सामाग्री व्यवस्थापनः**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.५० अनुसार पालिकाले प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामाग्री तथा डिजिटल सामाग्री व्यवस्थापनका लागी ५४ विद्यालयलाई एकमुष्ठ रु. १७७७३५०।०० अनुदान दिएको छ। कार्यान्वयन पुस्तिका अनुसार विद्यालयले उक्त अनुदान खर्च गरि प्रगती प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेकोमा विद्यालयहरुले लेखापरीक्षण अवधि सम्म प्रगती प्रतिवेदन पेश नगरेकोले प्रगती प्रतिवेदन पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	१७,७७,३५०

५४ **प्राविधिक धार संचालनमा रहेका विद्यालयलाई अनुदानः**

विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनको लागि विद्यालयलाई अनुदानको व्यवस्था रहेको छ । यस अन्तर्गत प्राविधिक धार सञ्चालनमा रहेका विद्यालयमा अध्ययनरत कक्षा ९ देखि १२ सम्मका विद्यार्थी यकिन गरी शिक्षण सिकाइ सामाग्री,ल्याब असिष्टेण्टका लागि पारिश्रमिक उपकरण तथा प्रयोगात्मक सामग्री व्यवस्थापन तथा व्यवहारिक अभ्यासका लागि प्रति विद्यार्थी रु. १५००० का दरले हुन आउने रकम एकमुष्ठ रुपमा विद्यालयलाई अनुदान दिने र विद्यालयले उक्त रकम OJT मा सहभागी हुने विद्यार्थीका लागि प्रति महिना १ हजारका दरले सम्बन्धित विद्यार्थीको बैङक खातामा उपलब्ध गराउने व्यवस्था रहेकोमा माटेदेवल जस माविमा ५१ जना विद्यार्थीलाई भरपाई मार्फत रकम वितरण गरेकोले कार्यविधि वेगर भुक्तानि भएको नियमित हुनुपर्ने रु.

अनियमित भएको	७,६५,०००

५५ **विद्यालय लेखापरीक्षण अनुदानः**

विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वियन निर्देशिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.१० मा स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमध्ये आधारभुत तह सञ्चालित विद्यालयहरुका लागि प्रति विद्यालय रु. १० हजार र माध्यमिक तह सञ्चालित विद्यालयहरुमा प्रति विद्यालय रु. १५ हजारको दरले सामाजिक तथा आर्थिक लेखापरीक्षण शिर्षकमा एकमुष्ट अनुदान निकासा दिने व्यवस्था रहेको छ र सोही बमोजिम विद्यालयले अन्तिम लेखापरीक्षण हुनु पूर्व नै उक्त लेखापरीक्षण कार्यसम्पन्न गरी स्थानीय तहमा प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले आ व ०८०।८१ मा पालिकाका विद्यालयको आर्थिक लेखापरिक्षणको लागि रकम-निकासा गरी खर्च लेखेकोमा निकासा भएको आर्थिक वर्षको विद्यालयको आर्थिक लेखापरीक्षण भई प्रतिवेदन पेश नभएकोले आर्थिक लेखापरीक्षण गराइ सोको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	६,००,०००

५६ **शैक्षिक गुणस्तर एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदानः**

स्थानीय तहले विद्यालय शैक्षिक गुणस्तर एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान विद्यालय क्षेत्र कार्यक्रम कार्यान्वियन पुस्तिका ०८०।८१ को क्रियाकलाप नं. ९.८ मा उल्लेख छ ।उक्त व्यवस्था बमोजिम विद्यालयले तत्कालिन रुपमा शैक्षिक सुधार विशेष गरी जीवविज्ञान रसाषन विज्ञान तथा भौतिक विज्ञानको अध्ययन अवसर सुनिश्चित गर्ने क्रियाकलाप निर्धारण गरी शैक्षिक पूर्वाधारहरु,छात्रावास व्यवस्थापन, शैक्षिक सुशासनका न्यूनतम शर्त पूरा गर्ने लगायतका कार्यक्रमको प्रस्ताव पेश गरी यस आवमा सम्पादन गर्ने क्रियाकलापको निर्धारण गरी स्थानीय तह र विद्यालयबिच सम्झौता गरी अनुदान उपलब्ध गराउने व्यवस्था छ ।त्यसै गरी पालिकाले भवानी विद्यापीठ मावि र माटेदेवल जनसहयोगी माविलाई नमुना विद्यालयको गुरुयोजना अनुरुप शैक्षिक क्षेत्रको सुधारको लागि रु. ३०,००,००० का दरले रु. ६०,००,००० निकासा उपलब्ध गराएकोमा नमुना विद्यालयलले यस आवको लागि कार्यक्रम कार्यान्वियन पुस्तिकाको व्यवस्था बमोजिम शैक्षिक तथा व्यवस्थापकीय योजना तथा सो सँग सम्बन्धित प्रस्ताव पेश नगरेकोले कार्ययोजना अनुसार कार्य भएनभएको सम्बन्धमा एकिन गर्न सकिएन ।अतः सम्बन्धित विद्यालयले शैक्षिक सुशासनका न्यूनतम शर्त पूरा गर्ने लगायतका कार्यक्रमको प्रस्ताव पेश गरी सोहि अनुरुपको योजना तयार गरी कार्य गरेको प्रमाण पेश गरी नियमित गर्नुपर्ने रु.

अनियमित भएको	६०,००,०००

५७ **विद्यालयको अनुगमन नियमन व्यवस्थाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन। जसबाट विद्यालय अनुगमन कार्य शिक्षण शिकाइ कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्ने तर्फ ध्यान दिनुपर्दछ । साथै पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको नदेखिएकोले सो तर्फ पनि पालिकाले ध्यान दिनुपर्दछ ।

५८ **इन्टरनेट जडानः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **६८४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५९ **कोभिड १९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरण:**

विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २·७·१३·४९ मा GPE को सहयोगमा कोभिड १९ का कारण विपदको परिस्थितिमा सिकाइ सहजीकरण लागि शैक्षिक कार्यक्रमको व्यवस्था साथै यसको कार्यान्वियन प्रकृया रहेको छ । क्रियाकलापको बँदा नं. ६ मा कार्यक्रम सञ्चालन पश्चात स्थानीय तहले शिक्षा तथा मानव स्रोत विकास केन्द्रको इ लर्निङ पोर्टल मा रहर्को Diagnostic Tools Assessment Result सिटमा विषयगत र विद्यार्थी अनुसारको नतिजा रिपोर्टको तथ्यांकको प्रविष्टी गर्नुपर्ने र सो को अद्यावधिक अभिलेख विद्यालयमा समेत राख्नुपर्ने व्यवस्था छ ।त्यसै गरी बुँदा नं. ८ मा विद्यालयले यस कार्यक्रमका क्रियाकलापको प्रगति प्रतिवेदन मासिक रुपमा र विद्यार्थीको सिकाइ उपलब्धी वृद्धिको अवस्थाको प्रतिवेदन त्रैमासिक रुपमा केन्द्रमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं. २४५।०८१।०३।२३ मा कोभिड १९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरण तथा अन्य विपदको समयमा सिकाइ निरन्तरताको लागि सरोकारवालाको अभिमुखीकरण र विद्यार्थीको सिकाइस्तरको परीक्षणका लागि रु ४११६५५ खर्च लेखेकोमा कार्यान्वयन पुस्तिकाको व्यवस्था बमोजिम विद्यार्थी अनुसारको नतिजा रिपोर्टको तथ्यांकको प्रविष्टीको अद्यावधिक अभिलेख पेश नभएको तथा सिकाइ उपलब्धीको प्रतिवेदन केन्द्रमा त्रैमासिक रुपमा पठाएको सम्बन्धमा प्रमाण पेश नगरी भुक्तानी खर्च गरेको नियमित नदेखिएको रु.

अनियमित भएको	४,११,६५५

६० **सामाजिक सुरक्षाः**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। यस पालिकामा आ.व. २०८०।८१ मा विभिन्न सामाजिक सुरक्षा भत्ता वितरणको लागि रु. १६,५४,५१,२८०।०० विनियोजन भएकोमा रु. १६,३३,९९,९१५।०० खर्च भएको छ । सामाजिक सुरक्षा भत्ता सम्बन्धमा देखिएको अन्य व्यहोरा निम्न छन्।

६०.१ सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ३३ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिशका आधारमा स्थानिय तहको सभामा पेश गर्नुपर्ने, स्थानिय तहले संचालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानियतहको वेबसाइटमा राखु पर्ने व्यवस्था गरेकोमा गाउँपालिकाले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन।

६०.२ सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरू मध्ये आफूले सक्ने कुराहरू सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरू सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा वडा समितिले उल्लिखित कार्य गरेको पाइएन। कार्यविधिको पालना गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्दछ।

६१ आन्तरिक आयः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

क्र.सं.	प्राप्तिको श्रोत	अनुमानित आय	आम्दानी	असुली %
१	११३१३ - सम्पती कर	२४,००,०००.००	१५,१५,२१४.००	६३.१३
२	११३१४ - भुमिकर/मालपोत	२१,००,०००.००	२९,१३,२३७.००	३८.७२
३	११३१७ - वहाल कर	५,००,०००.००	६,८३,४०६.००	१३६.६८
४	११३१८ - वहाल विटौरी कर	०.००	९,६००.००	-
५	११४५१ - सवारी साधन कर (साना सवारी)	५,०००.००	२,०००.००	०
६	११६११ - व्यवसायले भुक्तानी गर्ने	०.००	२६,४५०.००	-
७	११६३१ - कृषितथा पशुजन्य वस्तुमा लाग्ने कर	१,५००.००	८००.००	५३.३३
८	११६९१ - अन्य कर	८०,०००.००	५२,३२५.००	६५.४
९	१४१५१ - सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	१,२०,०००.००	९१,९०६.००	७६.५८
१०	१४२१९ - अन्य सेवा शुल्क तथा बिक्री	६०,०००.००	१२,५००.००	२०.८३
११	१४२२१ - न्यायिक दस्तूर	५००.००	६८५.००	१३७.००
१२	१४२२४ - परीक्षा शुल्क	२०,०००.००	१७,०००.००	८५.००
१३	१४२२५ - यातायात क्षेत्रको आम्दानी	०.००	५००.००	-
१४	१४२२९ - अन्य प्रशासनिक सेवा शुल्क	२,००,०००.००	१,५५,१००.००	७७.५५
१५	१४२४२ - नक्सापास दस्तुर	२०,०००.००	१७,८३६.००	८९.१८
१६	१४२४३ - सिफारिश दस्तुर	२२,००,०००.००	१९,६६,०००.००	८९.३६
१७	१४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर	३,२०,०००.००	२,१८,२००.००	६८.१८
१८	१४२४५ - नाता प्रमाणित दस्तुर	१,९०,०००.००	१,५९,३००.००	८३.८४
१९	१४२४९ - अन्य दस्तुर	३,६०,०००.००	१,५०,८४५.००	४१.९
२०	१४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर	६०,०००.००	१,६४,१६३.००	२७३.६
२१	१४२६३ - जलस्रोत सम्बन्धी अन्य दस्तुर	०.००	१,५००.००	-
२२	१४३११ - न्यायिक दण्ड, जरिवाना र जफत	०.००	१,०२५.००	-
२३	१४३१२ - प्रशासनिक दण्ड, जरिवाना र जफत	१,२५,०००.००	५७,०८६.००	४५.६६
२४	१४५२९ - अन्य राजस्व	११,३८,०००.००	१,६५,५३४.००	१४.५४
२५	१४६११ - व्यवसाय कर	१,००,०००.००	१,१५,८२५.००	११५.८२
२६	१५१११ - बेरूजू	०.००	३,३१,७३९.६२	-
	जम्मा	१,००,००,०००.००	८८,२९,७७६.६२	८८.३०%

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

६२ **कन्टिन्जेन्सी खर्चः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम ७ मा निर्माण कार्यको लागत अनुमान अनुसूची १ अनुसार तयार गर्नुपर्ने र लागत अनुमान तयार गर्दा वर्क चार्ज र स्टाफ खर्चको लागि २ प्रतिशत र अन्य सानातिना खर्चको लागि २ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सक्ने व्यवस्था छ। कार्यालयले यो वर्ष कन्टिन्जेन्सीबाट खर्च गरेतापनि सोको व्यवस्थित अभिलेख राखेको छैन । कन्टिन्जेन्सी खर्च गर्ने सम्वन्धमा नियम १० (७) अनुसार अनुसूची १ मा उल्लेखित व्यवस्था वाहेक अन्य कुनै आधार देखिँदैन। सार्वजनिक निर्माणको सम्वन्धमा वर्क चार्ज खर्च र सानातिना अन्य खर्च भन्नाले के कस्ता खर्च समावेश हुने हो सो सम्वन्धमा ऐन नियममा स्पष्ट उल्लेख छैन। पालिकाले कन्टेन्जेन्सी खर्च सम्बन्धमा कुनै कार्यविधि तयार गरेको देखिएन। कन्टिन्जेन्सीबाट गरिने खर्च सम्वन्धमा स्पष्ट कार्यविधि तयार गरी खर्च गर्नुपर्दछ।

६३ **पदाधिकारी सुविधाः**

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार गण्डकी प्रदेशले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको ऐन, २०७६ जारी गरेको छ। उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु. १ करोड २४ लाख ७७ हजार सुविधा बापत भुक्तानी भएको छ ।

६४ **औषधी खरिदः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ को उपनियम १(क) मा २५ लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। पालिकाले यस वर्ष विभिन्न फर्महरुबाट रु. १२ लाख ९२ हजार ४४९ को औषधि इबिडिङ्गद्धारा खरिद गरेको छ। औषधि खरिद गर्दा स्टोर मौज्दात उल्लेख गरी सोको आधारमा आवश्यकता विश्लेषण गरी लागत अनुमान तयार गर्नुपर्नेमा पालिकाले स्टोर मौज्दातको अभिलेख र आवश्यकता विश्लेषण नगरी लागत अनुमान तयार गरेको पाइयो । तसर्थ औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा ब रहेको औषधिहरु जिम्मेवारी स्वास्थ्य सेवा विभागबाट प्रमाणित कार्य निर्देशिका अनुसार LMIS मा प्रविष्टि गरि औषधिको जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

६५ **शिर्षक फरक पारी खर्च गरेकोः**

शिर्षक फरक पारी खर्च गरेकोः एकिकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ मा खर्च शिर्षक उल्लेख गरेको र सोहीअनुसार खर्च गर्नुपर्ने उल्लेख भएकोमा पालिकाले रु १६,२०,०००.०० चालु शिर्षक बाट पुँजिगत खर्च लेखेकोले शिर्षक फरक पारी लेखेको खर्च अनियमित देखिएको रु.

अनियमित भएको	१६,२०,०००

६६ **दलित बस्तीमा एक घर एक धाराः**

दलित बस्तीमा एक घर एक धाराः पालिकाले प्रथम चौमासिक भित्र टेण्डर प्रकृया पूरा गरी समयमै निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा दलित बस्तीमा एक घर एक धारा निर्माण गर्ने योजना दोस्रो चौमासिकको अन्त्यमा खरिद प्रकृया सुरु गरी आर्थिक वर्षको अन्त्यतिर २०८१ वैशाख २७ मा सम्झौता गरी २०८१।०३।२१ सम्म कार्यसम्पन्न गर्नेगरी सम्झौता भएकोले निर्माण अवधि कम रहेको कारण निम्नानुसार योजनाहरु अधुरै रहेको पाइयो । निर्माण व्यवसायीले जडान गर्नु पर्ने धारा मध्ये ५० प्रतिशत मात्र धारा जडान गर्द तथा धारानै जडान नगरी पाईप मात्र खरिद गरेर निर्माण स्थलमा पुर्‍याए वापत रकम भुक्तानी गरेको देखिदा सो भुक्तानी भएको रकम उपयोग विहिन देखिएको छ । यसरी खरिद सम्झौताको पालना नगरी निर्माण स्थलमा पाईप राखेको तथा सम्झौता रकमको ५० प्रतिशत काम गरेतापनि योजना अधुरो रहेको पाइयो ।

दोस्रो चौमासिकमा टेण्डर प्रकृया सुरु गरी तेस्रो चौमासिकमा सम्झौता भएको कारण कार्यसम्पन्न नभएको देखिँदा ठेक्का सम्झौता समयमै गरी कार्यसम्पन्न हुनुपर्ने र सम्पन्न हुन बाँकी कार्य सम्पन्न गरी प्राविधिक मूल्याङ्कन पेश हुनुपर्ने रु.

स्थान	जडान गर्नुपर्ने धारा	जडान भएको धारा	निर्माण व्यवसायी	सम्झौता रकम	भुक्तानी रकम	फरक
वडा नं. ७	२३	१४	सौर्य किरण कन्सट्रक्सन	२०२४४१८.९६	८५४३५४.८८	११७००६४.०८
वडा नं. ९	२८	-				
	पाईप र फिटिङ्ग सामाग्रि		कालिगंगा निर्माण सेवा	५५०७८३३.६४	२९८१७२०.६३	२५२६११३.०१
वडा नं. २	खरिद गरी जडान गर्नु					
वडा नं. ३	पर्ने तर ३१२४.२ कि.ग्रा.					
वडा नं. ५	पाईप मात्र खरिद गरिएको ।					
जम्मा				७५३२२५२.६	३८३६०७५.५१	३६९६१७७.०९

प्रमाण पेश नगरेको	३६,९६,१७७

६७ **प्रशासनिक भवन निर्माणः**

नगरपालिकाको प्रशासनिक भवन निर्माणको लागी रु १४,४२,४०,२८९.५९ को लागत अनुमान बनाई वोलपत्र आह्वान गरेकोमा पेस भएका न्यूनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही वोलपत्रको रुपमा निर्माण व्यवसायी श्री कालिगण्डकी/प्रदिप/जुम्ली जे.भी. सँग मिति २०७९/१२/३० भित्र निर्माण सम्पन्न गर्ने गरी मिति २०७८।०५।२१ मा मूल्य अभिवृद्धि कर समेत रु. ९,७९,१८,५२०.४३ मा सम्झौता गरेको छ । सो ठेक्कामा दोस्रो रनिङ्ग विल सम्म रु.४,२९,९७,७५१.२१ खर्च लेखेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ।

६७.१ (✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **४९७,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

अनियमित भएको	०

६७.२ **माटो कटिङ्ग कार्यः** कार्यालयको प्रशासकिय भवन निर्माण गर्न जग्गा व्यवस्थापन गर्ने प्रयोजनको लागी ४४२८२.९७ घन मिटर माटो खन्नु पर्ने र सो माटोको व्यवस्थापन निर्माण व्यवसायीले नै गर्नु पर्ने भएको हुदा खरिद सम्झौताको बि.ओ.क्यू. मा कुनै आईटम राखेको पाईएन । बोलपत्र आह्वान भए पश्चात बोलपत्रमा कुनै समस्या देखिएमा सो बारेमा छलफल गर्न प्रिबिड मिटिङ्ग राख्न सकिने व्यवस्था भएकोमा सो सम्बन्धी बैठक बसेको र कुनै विषयमा छलफल भएको अभिलेख ठेक्का सम्बन्धी फाईलमा प्राप्त हुन सकेन । निर्माण व्यवसायीले पनि सो सम्झौता अनुसारको परिमाणको माटो खन्ने र व्यवस्थापन गर्ने गरी बोलपत्र पेश गरेको र सम्झौता समेत गरेको देखिन्छ । खरिद सम्झौता भएको करिब २ वर्ष ४ महिना पश्चात बि.ओ.क्यूमा राखिएको माटोको परिमाण करिव ५० प्रतिशत जति बढी भएकोले २२४८५.७५ घनमिटर माटो मात्र खन्नु पर्ने र खनेको माटो मध्ये बढी भएको १८२५०.७५ घनमिटर माटो व्यवस्थापन गर्न समेत अतिरिक्त खर्च लाग्ने भएको जनाई निर्माण व्यवसायीले भेरिएसन माग गरेको र सो अनुसार नै कार्यपालिकाको मिति २०८०।०९। २७ को निर्णयले भेरिएसन स्वीकृत गरेको पाईयो । यदि भेरिएसन पश्चातको परिमाणको माटो खन्दा पुग्ने हो भने लागत अनुमान गर्दा के कति कारणले ४४२८२.९७ घनमिटर खन्ने गरी लागत अनुमान स्वीकृत गरियो र सम्झौता गर्दा बि.ओ.क्यू परिमाण अनुसारको परिमाणको माटो खन्न र व्यवस्थापन गर्न स्वीकार गरेको निर्माण व्यवसायी २ वर्ष पछी आएर ५० प्रतिशत घटी माटो खन्दा समेत व्यवस्थापन गर्न छुट्टै रकम आवस्यक पर्ने भनी थप रकम माग गर्यो यसमा प्राविधिक पुष्ट्याई रहेको देखिदैन । माटो खन्नेकार्य २२४८५.७५ घनमिटर नै आवश्यक हो भने प्राविधिक पुष्टयाईँ बेगर ४४२८२.९७ घनमिटर खन्न सिफारिस गर्ने परामर्शदाता र सो अनुसारनै लागत अनुमान तयार गरी स्वीकृत गर्ने प्राविधिक लाई जिम्मेवार बनाउनु पर्दछ । साथै खरिद सम्झौता गर्दा ४४२८२.९७ घनमिटर माटो खन्ने र व्यवस्थापन गर्न स्वीकृती जनाई सम्झौता गर्ने निर्माण व्यवसायीको माग लाई स्वीकार गरी ५० प्रतिशत घटी

माटो खन्दा समेत १८२५०.७५ घनमिटर माटो व्यवस्थापन गर्न प्रति घनमिटर रु. ५४.५० का दरले रु. ९९४६६५.८८ थप भुक्तानी दिन स्वीकृतीका लागी सिफारिस गर्नु र निर्णय गर्नु नियम सम्मत नदेखिएको रु.

अनियमित भएको	९,९४,६६५

६७.३ (..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **१०४,९४९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६७.४ (..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **७,८३३,४८२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६७.५ **ननफाईलरः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ७ बमोजिम असुल गरेको मूल्य अभिवृद्धि कर विवरण अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पेश गर्नु पर्ने व्यवस्था रहेको छ । मासिक खरिदमा तिरेको कर विक्रीमा उठाएको करसँग मिलान गरी बाँकी दाखिला गर्नुपर्नेमा निर्माण व्यवसायी नन फाइलरको रूपमा रहेको देखियो । कानून बमोजिम बुझाउनु पर्ने कर नबुझाएकोले निम्नानुसारको भुक्तानीको मु.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रू.

निर्माण व्यवसायी	भ्याट नम्बर	विजक नं र मिति	मु.अ. कर रु.	७० प्रतिशत रकम
कालिगढ्डकी/प्रदिप/ जुम्ली जेभी	६१६९९९५२१	०१-०८०।०६।१२	८२९३५२.६५	५८०५४६.८६
		०४-०८०।०८।२२	४१३०२७.४७	२८९११९.२३
		०५-०८०।१२।०८	७१६३५९.९४	५०१४५१.९६
		०६-०८१।०३।२४	४५६४६६.८१	३१९५२६.७७
जम्मा				**१६९०६४४.८१**

प्रमाण पेश नगरेको	१६,९०,६४५

६८ **मनमोहन शन्तीवाटीकाः**

मनमोहन शान्ती बाटिका निर्माण गर्ने कार्यको लागि निर्माण व्यवसायी रविना निर्माण सेवासँग मिति २०७९।०७।३० भित्र निर्माण सम्पन्न गर्ने गरि मिति २०७८।०८।२० मा रु ४,१०,३४,१२२.७९ मा सम्झौता भएको छ । निर्माण व्यवसायीले प्रथम रनिङ्ग बिल वापत रु ३७८१३९५.८२ को बिल पेस गरेकोमा भुक्तानी गरेको पाईएन । कार्यालयले मिति २०८१।०३।३१ सम्म म्याद थप गरेकोमा प्रथम रनिङ्ग विल पश्चात निर्माण कार्य गरेको पाईएन । यस सम्बन्धि देखिएका व्यहोरा देहाय अनुसार रहेका छन्।

६८.१ **वीमा नगराएकोः** सार्वजनिक खरिद नियमावलीको नियम ११२ मा बीसलाख रुपिया भन्दा बढीको निर्माण कार्यको हकमा सो निर्माण कार्यमा प्रयोग गरिने मेसिन, उपकरण, प्लान्ट आदीको विमा गराउनु पर्ने उल्लेख छ । सम्झौताको GCC१९.१ मा निर्माण कार्यको लागी गरिएको ठेक्का सम्झौता भएको दिन देखी त्रुटी सच्याउने अवधी सम्मको म्याद रहेको हुनु पर्ने उल्लेख छ । कार्यालयले मनमोहन शान्ती बाटीकाको खरिद सम्झौता गरी म्याद थप गर्दा समेत वीमा गरेको प्रमाण माग गरेको देखिएन । सम्झौताको शर्त बमोजिम हुने गरी वीमा गरेको प्रमाण पेश हुनु पर्दछ।

६८.२

कार्य सम्पादन जमानतको म्याद थपः सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(४) मा खरिद कार्यको सम्झौता गर्दा कार्य सम्पादन जमानत पेश गर्नु पर्ने व्यवस्था गरेको छ । खरिद सम्झौता अनुसार कार्य सम्पादन जमानतको म्याद त्रुटि सच्याउने अवधी समाप्त भएको एक महिना बढी सम्म हुने गरी व्यावस्था गरेको छ । कार्यालयले तत्कालिन नेपाल बंगलादेश बैंक (हालको नविल बैंक) बाट जारी भएको मिति २०८०।०९।१३ सम्म म्याद रहेको रु. ५०,६८,०००.०० को कार्य सम्पादन जमानत पेश गरेकोमा म्याद समाप्त पश्चात समेत कार्य सम्पादन जमानतको म्याद थप गरेको पाईएन । कार्यालयले निर्माण कार्यको म्याद मिति २०८१।०३।३१ सम्म थप गरेकोमा कार्य सम्पादन जमानतको म्याद थप गरेको नदेखिँदा सोको म्याद थप हुनु पर्ने रु.

प्रमाण पेश नगरेको	५०,६८,०००

६८.३ **निर्माण कार्यको प्रग्रतीः** मनमोहन शान्ती बाटीका निर्माण गर्न कार्यालय र निर्माण व्यवसायी बीच खरिद सम्झौता भएकोमा निर्माण कार्य अगाडी नबढेकोले समझौताका शर्त बमोजिम निर्माण कार्य सम्पन्न हुनुपर्दछ।

६८.४ **पुर्व निर्धारित क्षतिपुर्तिः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) मा आपुर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीको ढीलाईको कारण खरिद सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएको समयमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधाहरणतया प्रति दिन सम्झौता रकमको शन्य दशमलव शुन्य पाँच प्रतिशत पुर्व निर्धारित क्षतिपुर्ति तिर्नु पर्ने उल्लेख छ । सम्झौता मिति अनुसार निर्माण व्यवसायीले २०८१।०३।३१ भित्र निर्माण कार्य सम्पन्न गरी सक्नु पर्ने देखिन्छ ।सम्झौताका शर्त बमोजिम कार्य सम्पन्न हुनुपर्दछ।

६९ **ठेक्का नं. २०८०।८१-०५ (झकलक पानी ट्याङ्की सडक स्तरोन्नती)**

झकलक पानी ट्याङ्की देखी गाउँपालका भवन तर्फ जाने बाटो कालोपत्रे गर्ने कार्यको लागि निर्माण व्यवसायी फलेवास निर्माण सेवासँग ४ महिना (मिति २०८१।०१।१४) भित्र निर्माण सम्पन्न गर्ने गरि मिति २०८०।०९।१७ मा रु १०७७३१६२.६३ मा सम्झौता भएको छ । निर्धारित समयमा निर्माण कार्य सम्पन्न हुन नसकेको कारण २०८१ असार मसान्त सम्म म्याद थप गरी निर्माण सम्पन्न गरेको पाईयो । यस सम्बन्धि देखिएका व्यहोरा देहाय अनुसार रहेका छन्।

६९.१ **घटी रकमको वीमाः** घटी रकमको वीमाः सार्वजनिक खरिद नियमावलीको नियम ११२ मा बीसलाख रुपिया भन्दा बढीको निर्माण कार्यको हकमा सो निर्माण कार्यमा प्रयोग गरिने मेसिन, उपकरण, प्लान्ट आदीको विमा गराउनु पर्ने उल्लेख छ ।झकलक पानी ट्याङ्की सडक स्तरोन्नती कार्यको लागी गरिएको ठेक्का सम्झौतामा निर्माण कार्यको लागी साईट उपलब्ध गराएको दिन देखीको विमा गराउनु पर्ने र सो वीमा रकम सम्झौता रकमको ११५ प्रतिशत रकमको हुनु पर्ने गरी सम्झौताको SCC को GCC 19.1 मा व्यवस्था गरेको छ। यस निर्माण कार्यको लागी भएको सम्झौता रकम रु. १,०७,७३,१६२.६३ को १५ प्रतिशत थप सहित हुने रकम रु. १,२३,८९,१७३.०० बराबरको रकमको वीमा गराउनु पर्नेमा निर्माण व्यवसायीले रु. १,०७,७३,१६२.६३ (सम्झौता रकमको मात्र) को मात्र वीमा गराएको पाईयो । विमा वापत कार्यालयले सम्बन्धीत निर्माण व्यावसायीलाई रु. ३०,०००.०० भुक्तानी गरेको छ । सम्झौतामा उल्लेख भएको शर्त अनुसारको वीमा पेश नगरी भुक्तानी भएको रकम नियम सम्मत नदेखिएको रु.

अनियमित भएको	३०,०००

६९.२ **बढी मोटाईमा सव-वेस गरेकोः** सडक निर्माण गर्दा सडक विभागबाट जारी गरिएको Standard specification for Road and Bride को अधिनमा रहि निर्माण गरिनु पर्दछ । सडक विभाग बाट जारी गरिएको स्फेरिफिकेसन को बुदा नं १२०१ (५) मा सव वेसको न्युनतम मोटाई ०.१० मिटर हुनु पर्ने तथा कम्प्याक्सन पश्चात कुनै पनि लेयरको मोटाई ०.१५ मिटर भन्दा बढी हुनु नपर्ने व्यवस्था गरेको छ । यस कार्यालयले झकलक पानीट्याङ्की सडक खण्डको स्तरोन्नती कार्यको लागी तयार पारेको लागत अनुमानमा ७० मिटर ढलान कार्यको लागी ०.१० मिटर मोटाईको सववेस राख्ने गरी लागत अनुमान गयार गरेकोमा सो भन्दा अत्यधिक मोटाईको हुने गरी नापी गरी भुक्तानी गरेको पाईयो । फरक फरक लेयर बनाई सववेस राख्ने गरी लागत अनुमान बनाएको समेत नदेखिएको र स्थलगत रुपमा

बाटोको अनुगमन गर्दा समेत सो स्थानमा दुई तीन लेयर गरी सव वेस राख्न मिल्ने रहेको देखिएन । यसरी स्वीकृत लागत अनुमान भन्दा बढी मोटाई हुने गरी भुक्तानी गरेको सव वेस वापतको रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नु पर्ने रु.

विवरण	लम्बाई	चौडाई	उचाई		बढी उचाई	बढी परिमाण	दर	रकम
			हुनु पर्ने	भएको				
सववेस कार्य	६०	५.२	०.१	०.८	०.७	२१८.४	१६००	३४९४४०
सववेस कार्य	२०	९	०.१	०.५५	०.४५	८१	१६००	१२९६००
जम्मा								४७९०४०
मुल्य अभिबृद्धि कर								६२२७५.२
कुल जम्मा								५४१३१५.२०

असुल गर्नुपर्ने	५,४१,३१५

६९.३ **ढलानको भुक्तानीः** कार्यालयले यस झकलक पानीट्याङ्की सडक स्तरोन्नती कार्यमा ७० मिटर लम्बाईमा ढलान कार्य गर्ने र सो ढलान कार्य गर्दा सववेस माथी ढुङ्गाको सोलिङ्ग गरेर मात्र ढलान गर्ने गरी लागत अनुमान स्वीकृत गरेको छ । कार्यालयले भेरिएसन पश्चात ढलान कार्य ९० मिटर लम्बाईमा गर्ने गरी स्वीकृती दिएकोमा ८० मिटर लम्बाईमा सववेस राखेको र सो मध्ये ६० मिटर लम्बाईमा ५.२० मिटर चौडाईमा मात्र र २० मिटर लम्बाईमा ९ मिटर चौडईमा मात्र सववेस राखेको देखियो । सववेस राख्दा ८० मिटर लम्बाई र ५.२० मिटर देखी ९ मिटर चौडाईमा मात्र सववेस राखेकोमा सोलिङ्ग तथा ढलान कार्य ९०.५० मिटर लम्बाई र १०.०५ मिटर चौडाईमा गरेको पाईयो । यसरी स्वीकृत गरेको लागत अनुमान भन्दा फरक पर्ने गरी र सववेस नै नराखी सोलिङ्ग र ढलान गर्ने कार्य नियम सम्मत देखिएन । एउटै सडक खण्डको एउटै चेनेजमा कुनै भागमा सववेस राख्ने र कुनै भागमा नराखी ढलान कार्य गर्दा सडकको गुणस्तर तथा ढलानको मोटाईमा समेत असर पर्ने हुदा प्राविधिक पुस्ट्याई बेगर सववेस नराखी ढलान गर्ने कार्य नियम सम्मत नदेखिएको रु.

विवरण	लम्बाई	चौडाई (सव वेस)		फरक	उचाई	परिमाण	दर	रकम
		भएको	ढलान भएको					
सोलिङ्ग	६०	५.२	१०.०५	४.८५	०.१५	४३.६५	२५००	१०९१२५
सोलिङ्ग	२०	९	१०.०५	१.०५	०.१५	३.१५	२५००	७८७५
सोलिङ्ग	१०.५	०	१०.०५	१०.०५	०.१५	१५.८३	२५००	३९५७१.८८
डण्डी	कुल परिमाणको ४५ प्रतिशत					३५८०.९	१४०	५०१३२६
ढलान	६०	५.२	१०.०५	४.८५	०.२	५८.२	११०००	६४०२००
ढलान	२०	९	१०.०५	१.०५	०.२	४.२	११०००	४६२००
ढलान	१०.५	०	१०.०५	१०.०५	०.२	२१.११	११०००	२३२१५५
जम्मा								१५७६४५२.८८
मुल्य अभिबृद्धि कर								२०४९३८.८७
कुल जम्मा								**१७८१३९१.७५**

अनियमित भएको	१७,८१,३९१

७० **फलेवास लिफ्ट सिंचाई आयोजनाः**

कार्यालयले सिंचाईलाई सहज बनाउने उद्देश्यले फलेवास लिफ्ट सिंचाई आयोजना निर्माण कार्यको लागि निर्माण व्यवसायी भगवती निर्माण सेवासँग मिति २०७८।०३।१५ भित्र निर्माण सम्पन्न गर्ने गरि मिति २०७८।०१।१३ मा रु. ४३,९४,४८५.८७ मा सम्झौता भएको छ । निर्माण व्यवसायीले प्रथम रनिङ्ग बिल वापत रु. १५७४९९४.०० भुक्तानी गरेको पाईयो । कार्यालयले मिति २०८१।०९।३० सम्म म्याद थप गरेकोमा प्रथम रनिङ्ग विल पश्चात निर्माण कार्य गरेको पाईएन । यस सम्बन्धि देखिएका व्यहोरा देहाय अनुसार रहेका छन्।

७०.१ (✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **१,५७४,९९४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

अनियमित भएको	०

७०.२ **थप कार्य सम्पादन जमानतः** खरिद सम्झौतामा भएका व्यवस्था तथा शर्तको पालना र सो अनुसार नै कार्य गर्ने वातावरण सम्झौता कार्यान्वयनको चरणमा गर्नु पर्दछ । कार्यालयले तयार पारेको बिड डकुमेन्टको ITB ३५.५ बि.ओ.क्यू. आईटममा धेरै तल हुने गरी तथा फ्रन्ट लोड र ब्याक लोड हुने गरी कवोल गरेमा ८ प्रतिशत थप कार्य सम्पादन जमानत पेश गर्नु पर्ने गरी व्यवस्था गरेको छ । तर कार्यालयले सम्बन्धित निर्माण व्यवसायीले लागत अनुमानको ३३ प्रतिशत घटी कवोल गर्दा समेत थप रकमको कार्य सम्पादन जमानत पेश गरेको देखिएन । खरिद सम्झौताको लागी तयार पारिएका बोलपत्र सम्बन्धी कागजातमा भएका व्यवस्थाको पालना हुने गरी सम्झौता रकम रु. ४३,९४,४८५.८७ को ८ प्रतिशतले हुने रु. ३५११५६०.०० बराबरको कार्य सम्पादन जमानत सम्बन्धित निर्माण व्यवसायीबाट पेश गर्न लगाउनु पर्ने रु.

प्रमाण पेश नगरेको	३,५१,५६०

७०.३ **कार्य सम्पादन जमानतको म्याद थप नभएकोः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(४) मा खरिद कार्यको सम्झौता गर्दा कार्य सम्पादन जमानत पेश गर्नु पर्ने व्यवस्था गरेको छ । खरिद सम्झौता अनुसार कार्य सम्पादन जमानतको म्याद त्रुटि सच्याउने अवधी

समाप्त भएको एक महिना बढी सम्म हुने गरी व्यावस्था गरेको छ । कार्यालयले तत्कालिन नेपाल बंगलादेश बैंक (हालको नविल बैंक) बाट जारी भएको मिति २०८१।०२।३२ सम्म म्याद रहेको रु. ८,३०,०००.०० को कार्य सम्पादन जमानत पेश गरेकोमा म्याद समाप्त पश्चात समेत कार्य सम्पादन जमानतको म्याद थप गरेको पाईएन । कार्यालयले निर्माण कार्यको म्याद मिति २०८१।०९।३० सम्म थप गरेकोमा कार्य सम्पादन जमानतको म्याद थप गरेको नदेखिदा सोको म्याद थप हुनु पर्ने रु.

प्रमाण पेश नगरेको	८,३०,०००

७१ **बढी भुक्तानीः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३०** को निर्णयले रू **१७,९८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

७२ **बढी भुक्तानीः**

बढी भुक्तानीः कार्यालयले बास्तविक भएको कामको नाप जाँच गरी नापी कितावमा चढाएको परिमाणको सम्झौता अनुसारको दरमा भुक्तानी गर्नु पर्दछ । यस कार्यालयले लिमिठाना-सिरुवारी-थापाथाना सडक स्तरोन्नती कार्यको गो.भौ.नं ३ मिति २०८०।०६।०८ बाट अन्तिम बिलको भुक्तानी गर्दा निर्माण व्यवसायी सौर्य कन्सट्रक्शनलाई चेनेज नं ०+००० मा Existing Pavement भनिएको भए तापनि नापी गर्दा सो सुरु चेनेजमै ९.५ मिटर लम्बाई राखी ११.१५ मिटर चौडाईका आधारमा परिमाण गणना गरी भुक्तानी गरेको पाईयो । यसरी सुरु चेनेजमै लम्बाई राखी भुक्तानी भएको देहाय अनुसारको रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नु पर्ने रु.

आईटम	लम्बाई	चौडाई	उचाई	परिमाण	दर	रकम
sub base	९.५	११.१५	०.०६	६.३६	२०००	१२७११
Base	९.५	११.१५	०.१५	१५.८९	४५००	७१४९९
Prime coat	९.५	११.१५	१	१०५.९३	१८०	१९०६७
Tack coat	९.५	११.१५	०.६	६३.५६	१५५	९८५१.०३
Asphalt	९.५	११.१५	०.०४	४.२४	२८०००	११८६३६
जम्मा						२३१७६३.९
मुल्य अभिबृद्धि कर						३०१२९.३१
कुल जम्मा						**२६१८९३.२१**

असुल गर्नुपर्ने	२,६१,८९३

७३ **सडक वोर्डको निकासाः**

सडक वोर्ड नियमावली, २०६० को नियम ९ अनुसार कुनै नगरपालिकाले आयोजना स्वीकृत गरी रकम माग गर्नको लागी सडक वोर्डमा पठाएमा र सडक वोर्डले सो आयोजना आफ्नो वार्षिक कार्यक्रममा राख्ने गरी स्वीकृत गरेमा सो स्वीकृत रकमको ७० प्रतिशत सम्म सडक वोर्डले व्यहोर्ने व्यवस्था गरेको छ । यस कार्यालय बाट स्वीकृत गरी सडक वोर्डमा पठाएका आयोजनाहरु सडक वोर्डले मिति २०८०।१०।२१ च.नं. ११०९ बाट स्वीकृत गरेको सो वापत सडक वोर्डले रु. ५७८२४००.८० व्यहोर्ने गरी सहमती दिएको पाईयो । सडक वोर्डबाट सहमती प्राप्त भए पश्चात यस कार्यालयले बोलपत्र आह्वान गरी मिति २०८१।०१।०९ मा खरिद सम्झौता गरेको समेत पाईयो । तर सडक वोर्डक बोर्डबाट सहमती दिए अनुसारको रकम प्राप्त नभएकोले सम्झौता गरिएका आयोजनाको काम सुरु नभई कार्यालयले ति आयोजनाको म्याद मात्र थप गर्दै मिति २०८१।०९।३० सम्म पुर्याएको छ । सडक वोर्डले देहायका आयोजनामा

सहमती दिए पनि हाल सम्म निकासा भएको नदेखिदा आयोजना अलपत्र पर्ने देखिएकोले यस तर्फ सम्बन्धित निकायको विषेश ध्यान जानु पर्दछ ।

आयोजना	सम्झौता रकम	सम्झौता मिति	सम्पन्न मिति	सडक वोर्डले व्यहोर्ने
शिवालय पाङराङ्ग वडा कार्यालय सडक	३६५२१६७.५६	२०८१।०१।०९	२०८१।०२।३२	३४८२७६२.२
तातोपानी रुढी चुनचुन देउराली सडक	२३०५०८०.१३	२०८१।०१।०९	२०८१।०२।३०	२२९९६३८.६
कुल सडक वोर्डले व्यहोर्ने रकम				**५७८२४००.८**

७४ **Days Works को भुक्तानीः**

Days Works को भुक्तानीः Days Works तथा Unskilled Labor आदीको भुक्तानी गर्दा साईट ईन्जिनियरले आवस्यकता अनुसार आदेश दिए अनुसार निर्माण व्यवसायीले कार्य गर्ने र सो वापत भएको भुक्तानीको लागी प्राविधिक पुस्ट्याई सहित माग गर्नु पर्ने गरी खरिद सम्झौतामा व्यवस्था भएको छ । यस कार्यालयबाट भएका धेरै जस्तो खरिद सम्झौतामा सो वापतको भुक्तानी गर्दा प्राविधि रुपमा कुनै पनि निर्देशन भएको देखिएन । यसरी खरिद सम्झौतामा भएको व्यवस्था अनुसार साईट ईन्जिनियरबाट निर्देशन दिने, खर्चको विवरण सम्बन्धित प्राविधिक बाट स्वीकृत गराई सोको सोधभर्ना माग गर्नु पर्नेमा सो नगरी भएको देहायको भुक्तानी नियम सम्मत नदेखिएको रु.

सि.नं.	ठेक्का नं.	कामको विवरण	भुक्तानी रकम
१	२०८०/८१-०५	झकलक पानी ट्याङ्की सडक स्तरोन्नती	८०००
२	२०८०/८१-०२	मुडिकुवा झोपु नपा सडक	३२०००
३	२०८०/८१-०१	लिमिठाना घुम्ती अर्चले सिरुवारी सडक	४३७५०
४	२०८०/८१-०३	सहितचोक राम्चे भरत पोखरी चुनदेवी	५४८७८.५
जम्मा			**१३८६२८.५०**

अनियमित भएको	१,३८,६२८

७५ **स्थलगत अवलोकनः**

स्थलगत अवलोकनः लेखापरीक्षणको दौरानमा नगरपालिकाका प्राविधिक सहितको सहभागितामा गरिएको स्थलगत अनुगमन अनुसार मुडिकुवा झोलुङ्गे पुल देखी वडा कार्यालय सडको चेनेज नं. ०+३१५ मा सडक भासिएको पाईयो । निर्माण सम्पन्न भई त्रुटि सच्याउने अवधिमा रहेको देखिदा भासिएको स्थानमा सडक पुनः निर्माण गर्न लगाउनु पर्ने देखिएको छ । सो सडकको ९.७० मिटर लम्बाईमा सडकको सुरक्षाको लागी लगाईएको रिटेनिङ्ग वाल लगायत सडकको कालो पत्रे लगायतका सम्पुर्ण संरचना भासिएको हुदा सो सडकको त्रुटि सच्याउनु पर्दछ ।

७६ **डिपिआरः**

पालिकाले विभिन्न योजनाहरुको बिस्तृत डिजाइन तथा लागत अनुमान तयार गर्ने कार्य परामर्श सेवा लिएर गर्ने गरेको पाइयो ।पालिकाले आफ्नो प्राविधिक जनशक्तिको उच्चतम प्रयोग गर्नुपर्नेमा झकलक चित्तेपानी चुछोदेउराली तातोपानी पोखराथोक सडकको डिपीआर निर्माणमा एस डि सी इन्जिनियरिङ प्रा लिलाई रु. ४९४३७७ भुक्तानी गरेकोमा आ.व. २०८१।८२ को बजेटमा समावेश गरी कार्यान्वयनमा लगेको पालिकाको भनाइ रहेतापनि प्राविधिक जनशक्ति हुँदाहुँदै यस प्रकारको परामर्श सेवा लिनु उपयुक्त देखिँदैन।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : फलेवास नगरपालिका, पर्बत , फलेबास नगरपालिका , पर्वत

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	NARAYAN PRASAD ACHARYA	२०८१-१-६	२०८१-६-४
कार्यालय प्रमुख	ऋषिराम आचार्य	२०७९-१२-२७	२०८१-१-३
कार्यालय प्रमुख	कृष्ण प्रसाद आचार्य	२०८१-१०-११	हाल सम्म कार्यरत
लेखा प्रमुख	यशोदा सुवेदी	२०७५-१२-७	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१,०००,२८९	१९,२६५,३८४	२३,९०९,८७२	०	०	११,९१४,५००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	५६,०९०,०४५
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	११,०५१,७१९
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	४५,०३८,३२६

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		४५१३२८६२.७८	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	५६८४८६३८१	चालु खर्च	४५४३६४४२०.१२
प्रदेश सरकारबाट अनुदान	१९०८१५००	पूँजीगत खर्च	२०१२२१६००.५९
राजश्व बाँडफाँट	८५६५१९८१.३३	वित्तीय/अन्य व्यवस्था	२०५६७६५२२.४५
आन्तरिक आय	८८२९७७६.६२		
अन्य आय	१७९८००१३२.२२		
कुल आय	८६१८४९७७१.१७	कुल खर्च	८६१२६२५४३.१६
बाँकी मौज्दात		४५७२००९०.७९	

बेरूजु दफा ३ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)				
क्र.सं./आर्थिक सङ्केत	विवरण	चालु आ.ब.को कारोबार		गतआ.व.को कारोबार
		नगद	जम्मा	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति			
११०००	कर	८,६५,८२,३२०.४८	८,६५,८२,३२०.४८	८,१३,७२,७५८.०४
१३०००	अनुदान	५६,७२,८९,४१६.२५	५६,७२,८९,४१६.२५	६६,३८,७२,६४९.७७
१४०००	अन्यराजस्व	७५,६७,६९७.८५	७५,६७,६९७.८५	५०,८१,६५०.७४
१५०००	विविधप्राप्ति	३,३१,७३९.६२	३,३१,७३९.६२	०
क	**कुलजम्मा प्राप्ति**	६६,१७,७१,१७४.२०	६६,१७,७१,१७४.२०	७५,०३,२७,०५८.५५
३	चालु	४५,४३,६४,४२०.१२	४५,४३,६४,४२०.१२	४७,७४,२१,३८९.३३
२१०००	पारिश्रमिक / सुविधा	३४,१८,६९,९१८.६१	३४,१८,६९,९१८.६१	३७,०८,६२,३८३.३३
२२०००	मालसामानतथा सेवाको उपयोग	८,१६,६१,४८७.०१	८,१६,६१,४८७.०१	९,९०,५२,८१३.००
२५०००	सहायता (Subsidy)	१,२५,२४,८६६.००	१,२५,२४,८६६.००	७,००,०००.००
२६०००	अनुदान	१,३०,४४,२८६.००	१,३०,४४,२८६.००	२,२३,२७८.००
२७०००	सामाजिकसुरक्षा	३९,३१,०२३.००	३९,३१,०२३.००	५२,११,२१५.००
२८०००	अन्यखर्च	१३,३२,८३९.५०	१३,३२,८३९.५०	१३,७१,७००.००
४	पूंजीगत	२०,१२,२१,६००.५९	२०,१२,२१,६००.५९	२७,६७,५८,०७२.५०
३१११०	भवनतथा संरचना	१,९०,५६,६३६.००	१,९०,५६,६३६.००	५,१४,७६,७३३.२८
३११२०	सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	३१,९७,०३५.००	३१,९७,०३५.००	२,००,८०,९६४.००
३११३०	अन्यपूँजीगत खर्च	४,१०,०००.००	४,१०,०००.००	१,०५,३९,६७८.५०
३११५०	सार्वजनिकनिर्माण	१७,८५,५७,९२९.५९	१७,८५,५७,९२९.५९	१९,४६,१०,७००.७२
३११६०	निर्मितसरचनाकोसुधार खर्च	०	०	४९,९९६.००
ख)	**कुलजम्मा भुक्तानी**	६५,५५,८६,०२०.७१	६५,५५,८६,०२०.७१	७५,४१,७९,४६१.८३
ग)	**बचत /कमी (ग = क-ख)**	६१,८५,१५३.४९	६१,८५,१५३.४९	(३८,५२,४०३.२८)
घ)	**धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)**	(५९,३१,५७०.४८)	(५९,३१,५७०.४८)	(७०,५२,३०४.९४)
घ.१)	**कट्टीरकम भुक्तानी/दाखिला गर्न बाकी**			

ङ)	**यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)**	५,८७,२२८.०१	५,८७,२२८.०१	(१,०९,०४,७०८.२२)
च)	**गतआ.व.को नगद तथा बैंक मौज्दात**	४,५१,३२,८६२.७८	४,५१,३२,८६२.७८	५,६०,३७,५७१.००
छ)	**विनिमयनाफा/घाटा तथा अन्य समायोजन**			
ज)	**आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)**	४,५७,२०,०९०.७९	४,५७,२०,०९०.७९	४,५१,३२,८६२.७८

बेरूजु दफा ३१ सँग सम्बन्धित विवरण - अनुसूची -४

क्र.सं.	योजनाको नाम र ठेगाना	वडा नं.	कुल लागत						सम्झौता मिति	अन्तिम भुक्तानी			
			दक्ष	अदक्ष	सामाग्री	न.पा.	उ.स.	जम्मा		दक्ष	अदक्ष	सामान	जम्मा
१	कार्कीनेटा बजार मोटरबाटो स्तरोन्नती	१	६१५५०	६४७१६८	७३७२३१	४१६८२९	४१६८३	१९०४४६१	०८०।१२। २३	६००११	६१७०२६	११९६०८०	१८७३११७
२	टिमुरबोट सुन्दरीडांडा सडक स्तरोन्नती	१	६१६५७	६०५८८९	८५५७१७	०	०	१५२३२६३	०८०।१२। १४	५९५२७	५८५१६०	८४६०९९	१४९०७८६
३	थापाठाना बजार मोटरबाटो ढलान	२	६६८७८	३८९३११	५९०४७४	३२७९४८	३२७९४	१४०७४०५	०८०।१२। १३	६८२५१	३८५६६५	९२०३८८	१३७४३०४
४	थापाठाना मा वि ढल व्यवस्थापन एवं संरक्षण	२	२७१५७९	७८२६६०	४९६६४५	०	०	१५५०८८४	०८०।१२। २१	२३८२११	६७२२७३	५२४८००	१४३५२८४
५	चुचुनदेउराली शंकरपोखरी मैदान सडक मर्मत	३	६१९८९	६१९४८७	७४६६०४	०	०	१४२८०८०	०८०।१२। १८	५४८८३	५६४९४३	७२०४२३	१३४०२४९
६	इनार अम्बोट झकलक थुमी अजुंकुर चक्रुफुलबारी सडक	४	१३०४१९	६२८६१९	६६९०६१	०	०	१४२८०९९	०८१।०१। ०९	१४७४९७	७५२१०२	५२६७२७	१४२६३२६
७	टंकीसुर्केखोला नगरपालिका मोटरबाटो निर्माण	५	१३८७२१	७२९११८	१०३६८१०	०	०	१९०४६४९	०८०।१२। २३	१२५०५७	७२७९१४	१०४९८५०	१९०२८२१
८	खौलेथर भड्खाला फेदी मोटरबाटो स्तरोन्नती	६	१२८२५३	४४३०००	४२८६९१	०	०	९९९९४४	०८०।१२। १३	११९३०५	४२१७७०	४००३३९	९४१४१४
९	तिजुडाँडा पोखराधारा ठानामौला सडक स्तर उन्नती	८	२३९४९७	८५२७७१	८१२४६८	०	०	१९०४७३६	०८०।१२। २२	२४६४९०	८२४०४७	८३४०३८	१९०४५७५
१०	ओख्रेनी नेपाने मोटरबाटो स्तरोन्नती	८	२२१५३२	९३७१३८	७४४८४२	०	०	१९०३५१२	०८०।११। २९	२०८४९७	९०५३७३	७८३७६६	१८९७६३६
११	चिर्दी ठुलोकुलो सिँचाई योजना मर्मत	१०	६६६७९	५७३८५१	४०६०५३	०	०	१०४६५८३	०८०।१२। २२	६०६९२	५४८६२४	३५५२०४	९६४५२०
१२	शिवालय श्रीकाङ्ग वडा कार्यालय सडक स्तरोन्नती	११	१३२१९८	४४०३५२	३७८९७०	०	०	९५१५२०	०८०।१२। १८	१११२७०	४०६६८१	३२९८४३	८४७७९४

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चिततावेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी

दिनुपर्दछ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौतातथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।